'एक देश,दुई प्रणाली'को नीतिलाई कायम राख्ने | पृष्ठ ६ मा

जनकपुर टुडेको सम्पर्क नं.
९८५४०२६०२५,
९८०१६२६०२६,
०४१-५९११०१
विज्ञापनको लागि मात्र
jtodayad@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक
# जनकपुर टुडे
Janakpur Today Daily
www.ejanakpurtoday.com



वर्ष २५ • अंक १४५ • २०७९ साल आश्विन ३१ गते सोमबार (17 October, Monday, 2022) • पृष्ठ ८ • मूल्य रु. ५।-

## दुई सय ६१ मतदान केन्द्र अति संवेदनशील



**रञ्जन यादव**

कलैया । मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनको लागि बारामा ५ सय ५५ वटा मतदान केन्द्र तोकिएको छ ।

निर्वाचन आयोगले निर्वाचनका लागि बाराको ४ वटा संघीय र ८ वटा प्रदेशसभा सदस्य निर्वाचनको लागि मतदान केन्द्र निर्धारण गरेको जिल्ला निर्वाचन अधिकृत सरोज चौधरीले जानकारी दिए ।

जिल्ला निर्वाचन कार्यालयले स्थानीय तह निर्वाचनपछि थपिएको १२ हजार ७ सय ४५ मतदातासहित जिल्लामा ४ लाख ३३ हजार ५०४ मतदाता रहेको जनाएको छ । शान्ति ,सुरक्षाको दृष्टिकोणले २ सय ६१ वटा मतदान केन्द्रलाई अति संवेदनशील ,२ सय ५ वटा मतदान केन्द्रलाई संवेदनशील र ८९ वटा मतदान केन्द्रलाई सामान्यको रुपमा वर्गीकरण गरिएको बारा प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक राजेश थापाले जानकारी दिए ।

जसमध्ये महिलाको संख्या अधिक रहेको छ । महिला मतदाता २ लाख ३६ हजार ८८० र १ लाख ९६ हजार र ६१२ पुरुष मतदाता रहेका छन् । महिला पुरुष बाहेक अन्य समूह (तेस्रो लिङ्गी) १२ जना रहेका छन् । जिल्लाको ४ वटा संघीय निर्वाचन क्षेत्रमध्ये सबैभन्दा धेरै मतदाता क्षेत्र नं १ मा रहेका छन् । सो क्षेत्रमा १ लाख १९ हजार ३ सय ७५ मतदाता र बांकी ३ वटा संघीय निर्वाचन क्षेत्रमा भने १ लाख ३ हजारदेखि १ लाख ५ हजारको हाराहारीमा रहेका छन् । जिल्लाको ४ वटा संघीय निर्वाचन क्षेत्रमध्ये क्षेत्र नं १ र ४ पूर्वाधार विकासको दृष्टिकोणले सबैभन्दा धेरै महत्वपूर्णक क्षेत्र मानिन्छ ।

## मधेशवादी दलको चुनौती थ्रेस होल्ड

**संजीवकुमार झा**

जनकपुरधाम । मधेशवादी दलहरुलाई थ्रेस होल्डको चुनौतीले सताएको छ । जनता समाजवादी पार्टी (जसपा), लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा), तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा) र जनमत पार्टी मधेश केन्द्रित राजनीति गरिरहेका छन् ।

तर, यी दलहरु आगामी मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा थ्रेस होल्ड पार गर्न सक्छ भने आशंका व्यक्त गर्न थालिएको छ । राजनीतिक विश्लेषकहरुले मधेशवादी यी चार दल थ्रेस होल्ड पार गर्न सक्छ कि सक्दैन भने अन्योलता देखिएको छ । चारै दल एक ठाउँमा भएको भए थ्रेस होल्ड पार गर्न समस्या हुन सक्ने थिएन् तर, यिनीहरुलाई गठबन्धनले पनि समस्या हुन सक्ने देखिएको छ ।

कुल एक करोड ८० लाख मतदाता रहेकोमा एउटा पार्टीलाई तीन प्रतिशतको दरले कम्तीमा साढे पाँच लाख मत ल्याए थ्रेस होल्ड पार गर्न सकिने देखिन्छ । तर, वर्तमान अवस्थामा यी दलहरु यतिको मत ल्याउन सक्नेमा शंका व्यक्त गरिएको छ ।

राजनीतिक विश्लेषक रोशन जनकपुरी भन्छन्-'जसपा र लोसपाले थ्रेस होल्ड पार गर्न सक्ने सम्भावना रहे पनि तमलोपा र जनमत पार गरे अनपेक्षित हुनेछ । जसपाले मुलुकभरका धैरै ठाउँमा उम्मेदवारी दिएका छन्, लोसपाको अवस्था पनि त्यस्तै छ तर, जनमत र तमलोपामाथि शंका छ ।'

यी चार दलहरुमध्ये जसपा र लोसपा विभिन्न गठबन्धनमा छन् ती दलहरुले यी दलहरुलाई सहयोग गरे थ्रेस होल्ड पार गर्न सहज हुने तर, यिनीहरुले भोट क्रस गर्‍यो भने दुबै दललाई पनि समस्या हुन सक्ने देखिन्छ । गत बैशाखमा सम्पन्न भएको स्थानीय तहको निर्वाचनमा गठबन्धनमा रहेका दल जसपालाई गठबन्धनकै नेता कार्यकर्ताहरुले मत क्रस गराएपछि विभिन्न ठाउँमा हार बेहोर्नु परेको थियो ।

> “जसपा र लोसपा थ्रेस होल्ड पार गर्न सक्ने सम्भावना रहेपनि तमलोपा र जनमत पार गरे अनपेक्षित हुनेछ । जसपाले मुलुक भरका धेरै ठाउँमा उम्मेदवारी दिएका छन्, लोसपाको अवस्था पनि त्यस्तै छ तर, जनमत र तमलोपामाथि शंका छ ।”

गत स्थानीय तहको निर्वाचनले पनि यी दलहरुलाई मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनमा प्रभाव पार्न सक्ने देखिएको छ ।

गत बैशाखमा सम्पन्न स्थानीय तहको निर्वाचनमा लोसपामाले मात्रै २.२ प्रतिशत मत ल्याउन सकेको थियो । तर, पार्टीका वरिष्ठ नेता राजेन्द्र महतोले थ्रेस होल्ड पार गर्न सक्ने दाबी गरेका छन् । उनले मधेश प्रदेशमा ७ र मुलुकभर ५२ स्थानमा उम्मेदवारी दिएका कारण थ्रेस होल्डको चिन्ता नरहेको दाबी गरे । स्थानीय तहको निर्वाचन र प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनमा धैरै फरक रहेको भन्दै थ्रेस होल्ड पार गर्ने दाबी गरे ।

त्यस्तै,जसपाका प्रवक्ता मनिष सुमनले पनि थ्रेस होल्ड पार गर्ने दाबी गरेका छन् । उनले मधेश प्रदेशमा १७ सहित मुलुकभर ८१ स्थानमा प्रतिनिधिसभामा उम्मेदवारी दिएको मध्ये १५ स्थानमा जित सुनिश्चित रहेका कारण थ्रेस होल्ड पार गर्नेमा कुनै शंका नरहेको दाबी गरे ।

तराई मधेश लोकतान्त्रिक पार्टी (तमलोपा)का अध्यक्ष वृषेशचन्द्र लालले पनि थ्रेस होल्ड पार गर्न सक्ने दाबी गरेका छन् । उनले तमलोपाले मधेश आन्दोलनको मुद्दालाई जीवन्त राख्नका लागि मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा भाग लिएको बताए । उनले भने-'जसपा र लोसपाले मधेश आन्दोलनको समयमा बोकेको मुद्दा विसर्जन गरी सकेका, मधेश आन्दोलनको क्रममा दमन गरेका दमनकारीको शरणमा पुगेका कारण मधेश आन्दोलनको मसाललाई प्रज्ज्वलित राख्न तमलोपाले उम्मेदवार उठाएको छ ।' उनले मधेश आन्दोलनको समयमा आन्दोलनमा सक्रिय रहनेहरु विस्तारै विस्तारै आफ्नो पार्टीसंग जुडिरहेको दाबी गर्दै मधेशको मुद्दालाई सम्बोधन गराउने तमलोपा रहेको बताए ।

त्यस्तै,जनमत पार्टीले पनि थ्रेस होल्ड पार गर्ने दाबी गरेका छन् । जनमत पार्टीले उठाएको मुद्दाका साथमा जनता रहेको भन्दै साढे पाँच लाख मत ल्याउनु जनमतको लागि कुनै ठूलो कुरा नरहेको दाबी गरिएको छ । जनमत पार्टीका एक नेताले भने-'जनमत पार्टीप्रति जनताको विश्वास छ । जनताले चाहे थ्रेस होल्ड मात्रै नभइ मधेशमा सरकार पनि जनमत पार्टीको हुनेछ ।'

दुई गठबन्धनका घटक दल जसपा र लोसपाले थ्रेस होल्ड पार गरे पनि जनमत र तमलोपाको अवस्था कमजोर हुने राजनीतिक विश्लेषक जनकपुरीको कथन छ । उनी जस्तै राजनीतिक विश्लेषकहरुले त जसपा र लोसपाको पनि अवस्था दयनीय हुन सक्ने चेताएका छन् । मधेशवादी यी चार दल बरु गठबन्धन गरेको भए मधेश प्रदेशमा सरकार बनाउनु र संघीय सांसदको संख्यामा पनि बढी भन्दा बढीको संख्यामा सहभागी हुन सक्ने थिए । मधेशवादी दलका नेताहरु नेपाली कांग्रेस, एमाले जस्ता पार्टीको षडयन्त्रमा फसेकोसमेत राजनीतिक विश्लेषकहरुको भनाइ छ ।








**स्थानीयवासीलाई जनचेतना दिलाइदै** : विश्व हात धुने दिवसको अवसरमा सबल नेपालले सप्तरीको खडक नगरपालिका- ८ स्थित ढोलबाजामा सरसफाइ विषयमा स्थानीयबासीलाई जनचेतना दिलाइँदै । *तस्बिर :रासस*

# नेसपाले गरे घोषणापत्र सार्वजनिक

**टुडे समाचारदाता**

जनकपुरधाम । मंसिर चार गते प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा नेपाल सद्भावना पार्टीले संघर्षबाट मधेशी समुदायमाथि भइरहेको राजनीतिक, आर्थिक, सामाजिक, भाषिक, सांस्कृतिक, लैङ्गिक, सामुदायिक र भेदभाव, शोषण, उत्पीडन, असमान व्यवहार विरुद्धको रहेको बताएका छन् ।




राणाको पालादेखि सन् २००७ मा प्रजातन्त्र स्थापना भएपछि अन्तरिम सरकार र वि.स. २०१५ मा निर्वाचित नेपाली कांग्रेसको सरकारदेखि विभिन्न अवधिमा बनेको कम्युनिष्ट सरकार र वि.स. २०६४ सालमा माओवादीको नेतृत्वमा रहेको महिला लोकतान्त्रिक सरकारबाट मधेशी जनताले गरेका अपेक्षा पूरा हुन नसकेपछि मधेशीप्रति नेपाली कांग्रेस, ने.पा. एमाले, माओवादी केन्द्रले गैर-मधेशवादी पार्टी वा मधेशलाई सौतेनी आमाको व्यवहार गर्छ।

स्वार्थमा लिप्त जनता समाजवादी पार्टी नेपाल (जसपा), लोकतान्त्रिक समाजवादी पार्टी नेपाल -लोसपा) ले भतिजावाद, पुँजीवाद, जातिवाद र परिवारवादको राजनीति गर्ने मधेसी वीर शहीदको सपनालाई चकनाचुर पारेको हो भन्ने प्रश्न खडा गर्ने हो । उनीहरुको नागरिकतामा अंकुश लगाएर उनीहरुलाई आफ्नै देशमा गैर नागरिक बनाउने षड्यन्त्र भइरहेको छ।

पूर्व मेचीदेखि पश्चिम महाकालीसम्म फैलिएको सम्पूर्ण मधेशी समुदायमाथि शासककै शोषण र उत्पीडनको चक्र चलिरहेको कुरा इतिहास साक्षी छ । यही शासन व्यवस्थाका कारण मधेशी, पिछडिएको वर्ग, दलित, आदिवासी, जनजाति, थारु, मुस्लिम, किसान, लगयत महिला उत्पीडित तथा उत्पीडित समुदाय उपेक्षित भएका छन् ।

त्यसैले बेलसल मण्डेलाको सिद्धान्तमा आधारित, पूर्ण समानुपातिक समावेशी सिद्धान्त, लोकतान्त्रिक संघीय गणतन्त्र, समतामूलक समाजवादको स्थापनाका लागि पूर्ण हिम्मतका साथ दासत्वको शृंखला तोड्दै गैर-मधेशवादी पाँच दलको हकमा आधारित पञ्जा छाप र ५ विकासका मागहरू ।आन्दोलनको रूपमा नेपाल सद्भावना पार्टीले २०७९ मंसिरको निर्वाचनमा भाग लिएको पार्टीका अध्यक्ष रामकुमार महतोले बताए ।

उनले भने घोषणापत्र जारी गरिसकेका छौं । आफ्नो पहिचान, आफ्नो ज्ञान, मधेशको पुरानो नेपाल सद्भावना पार्टीलाई पंजा चिन्हमा भारी मतले विजयी गराउदै गजेन्द्र बाबुको सपना साकार पारौं भन्दै संघर्षको लागि अत्यावश्यक उर्जा प्रदान गरिरहेका छन् ।

# एक्सचेन्ज मेलाको आयोजना

**टुडे समाचारदाता**

काठमाण्डु । टिभिएसको आधिकारिक वितरक कम्पनी जगदम्बा मोटर्सले 'TVS Great Grand Exchange and Finance जोड अनिअद्भुत एक्सचेन्ज मेलाको आयोजना गरेको छ। सोमबारबाट सुरु भएको यो मेला कार्तिक ५ गतेसम्म काठमाण्डुको भृकुटीमण्डपमा चल्ने छ।




यस भव्य मेलामा ग्राहकहरुले कुनै पनि ब्राण्डका पुरानो मोटरसाइकल तथा स्कुटर एक्सचेन्ज गर्दा आकर्षक छुट तथा उपहारहरु पाउने छन्। यस मेलामा सहभागी हुने ग्राहकले आफ्नो पुरानो मोटरसाइकल तथा स्कुटर एक्सचेन्ज गरेर टिभिएसको दुई पांग्रे सवारी साधन लिदा बजार मुल्यांकन भन्दा रु ७,००० बढीको मूल्यपाउने छन्, साथै नकिन्दै १ लाख र किन्दा १० लाख सम्मको नगद छुटको पनि व्यवस्था छ।

यो योजनामा आकर्षक फाइनान्स अफर पनि समावेश गरिएको छ। जस अन्तर्गत न्यूनतम २५% डाउनपेमेन्ट र रु ४,२७७ को मासिक ईएमआइमा मोटरसाइकल तथा स्कुटर लिन सकिन्छ। यस बाहेक ग्राहकहरुले हेलमेट, बाइक कभर, र ब्याग जस्ता उपहार पनि प्राप्त गर्न सक्ने छन्।

जगदम्बा मोटर्स प्रा लि नेपालमा टिभिएसका दूई पांग्रे सवारी साधनका लागि एकमात्र आधिकारिक वितरक हो । कम्पनीको नेपालभर १सय ४० भन्दा बढी डिलर हरुको बलियोराष्ट्रव्यापी वितरण सञ्जालका साथ टिभिएसले बजारमा आफ्नो मजबुत पकड राख्न तथा ग्राहकहरूको मनमस्तिष्कमा उच्च स्थान जमाउन सफल छ। गुणस्तरीय उत्पादनहरु,बिक्री पश्चातको उत्कृष्ट सेवा र देशभर पार्टपुर्जाहरुकोउपलब्धता मार्फत उपभोक्ता लाई दिइएको उच्चतम सन्तुष्टिका कारण आज टिभिएस नेपालको सर्वाधिक रुचाइएकोटू-ह्विलर ब्राण्डका रुपमा स्थापित छ।

# एक हजार चार सय सात चालकमाथि कारवाही

**टुडे समाचारदाता**

काठमाण्डु । ट्राफिक नियम उल्लङ्घन गर्ने एक हजार चार सय सात चालकलाई प्रहरीले शनिबार कारवाही गरेको छ । यसमा नम्बरप्लेट स्पष्ट नराख्ने चार सय ४६ र दिउँसै मापसे गरी सवारीसाधन चलाउने चार चालकसमेत परेका छन् ।

काठमाण्डु उपत्यकामा शनिबार गरिएको विशेष सवारी जाँच अभियानका क्रममा तीव्रगतिमा सवारी चलाउने एक सय ५५, अनावश्यक हर्न बजाउने पाँच र ठूलो आवाज निकाल्ने दुई मोटरसाइकलका चालकलाई कारवाहीमा गरिएको प्रहरीले जनाएको छ।

त्यस्तै,अन्य ट्राफिक नियम उल्लंघन गर्ने सात सय ८८ चालक पनि कारवाहीमा परेका प्रहरीले जानकारी दिएको छ। स्पष्टरूपमा नम्बर नदेखिने र मापदण्ड अनुसार नम्बरप्लेट नराख्ने सवारसाधनको जाँच अभियानलाई काठमाण्डु उपत्यका ट्राफिक प्रहरी कार्यालयले कारवाही अभियान थालेको छ।


नम्बरप्लेट स्पष्ट नराखी सवारीसाधन चलाउँदा सवारी तथा यातायात व्यवस्था ऐन, २०४९ अनुसारको कसूर हुनुका साथै सवारी दुर्घटनाको अनुसन्धानमा समस्या हुने प्रहरीले जनाएको छ।

कार्यालयका सहप्रवक्ता एवं प्रहरी उपरीक्षक अवदेश विष्ट क्षेत्रीले स्पष्टरूपमा देखिने र बुझिने गरी मापदण्डअनुसारको नम्बरप्लेट बनाएर सवारीसाधनको अगाडि र पछाडि राख्न अनुरोध गरेका छन् ।

# दराजले सुरु गर्‍यो दराज क्लब

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालको अग्रणी अनलाइन बजार दराजले आफ्नो नयाँ मेम्बर्शिप प्रोग्राम दराज क्लब सुरु भएको घोषणा गरेको छ।




यो नयाँ सुविधा मार्फत ग्राहकहरुले दराज एप मार्फत विशेष लाभहरू प्राप्त गर्न सक्नेछन् भने ग्राहकहरुले दराज एपमा प्रत्येक खरीदारी पछि जेम्स कमाउन सक्ने पनि कम्पनीले जनाएको छ।


दराज क्लबको सदस्य बनेर ग्राहकहरूले उच्च जेम्स रिडेम्पशन, थप पुरस्कार र विशेष भाउचरहरू लगायतका अन्य फाइदाहरू प्राप्त गर्नेछन् भने यी सुविधाहरू मार्फत, ग्राहकहरूले आफ्ना अडरहरूमा अतिरिक्त छुट प्राप्त गर्न र थप बचत गर्न कम्पनीले जनाएको छ । दराज क्लब आईओएस र एन्ड्रोइड दुबै प्लेटफर्ममा उपलब्ध छ । नयाँ सुविधा प्राप्त गर्नको लागी ग्राहकहरुलाई आफ्नो दराज एप अपडेट गर्न अनुरोध गरिन्छ।

क्लबमा सामेल हुनको लागि, ग्राहकहरूले डिसेम्बर ३१, २०२२ सम्म कम्तिमा २५०० जेम्सहरु संक्लन गर्नुपर्नेछ, जुन दराजमा किनमेल गरेर कमाइन सकिन्छ । डिसेम्बर ३१ पछि, क्लबमा सामेल हुन आवश्यक पर्ने जेम्सहरुको न्यूनतम संख्या ३५०० मा बढाइनेछ र दराज क्लबका सदस्यहरूले मात्र चेकआउटको समयमा छुटका लागि रत्नहरू प्रयोग गर्न सक्ने कम्पनीले जनाएको छ।

# देशभरका प्याराग्लाईडिङ उडानमा रोक

काठमाण्डु । नेपाल नागरिक उड्डयन प्राधिकरण (क्यान) ले देशैभरका प्याराग्लाइडिङ उडानमा रोक लगाएको छ।

प्याराग्लाइडिङ सेवालाई थप सुरक्षित र व्यवस्थित गर्नलाई अर्को व्यवस्था नहुन्जेलसम्मलाई स्थगित गरिएको प्राधिकरणका उपमहानिर्देशक एवं प्रवक्ता जगन्नाथ निरौलाले राससलाई जानकारी दिनुभयो ।



उहाँले भन्नुभयो,'सुरक्षा व्यवस्थालाई मजबुत बनाउने उद्देश्यले अर्को व्यवस्था नहुञ्जेलसम्मका लागि देशैभरका प्याराग्लाइडिङ स्थगित गरिएको छ।'

प्राधिकरणले प्याराग्लाइडिङ उडान खेलसम्बन्धी नीति, नियम तथा कानुनहरू व्यवस्थित गर्नका लागि तत्कालका लागि प्याराग्लाइडिङ उडानमा प्रतिबन्ध लगाइएको र स्पष्ट कानुन बनेपछि पुनः सञ्चालन अनुमति दिने निर्णय गरेको छ। उडान खेलअन्तर्गत पर्ने प्याराग्लाइडिङमा पछिल्ला दिनमा दुर्घटना बढेपछि प्राधिकरणले उडानमा रोक लगाएको हो ।

आइतबार बिहान पोखराको साराङकोटमा प्याराग्लाइडिङ उडानकै क्रममा दुर्घटना हुँदा खेलाडी २६ वर्षीय निसिम थापाको मृत्यु भएको थियो । पोखरामहानगरपालिका-१८स्थित नवौं राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत क्रस कन्ट्री प्याराग्लाइडिङ खेल चलिरहेको अवस्थामा ब्लु स्काई कम्पनीको प्याराग्लाइडिङ आकाशमा उडिरहेको अवस्थामा अकस्मात सय मिटर माथिबाट खस्दा थापाको मृत्यु भएको जनाइएको छ । उहाँ नेपाल त्रिभुवन आर्मी क्लबको तर्फबाट खेलमा भाग लिनुभएको थियो ।रासस

# ट्याक्सीको ठक्करले मोटरसाइकल चालकको मृत्यु

भादगाउ। भक्तपुरको मध्यपुर थिमि नपा-६ बाहाखा भीमसेन चोकमा ट्याक्सीले मोटरसाइकललाई ठक्कर दिँदा चालकको मृत्यु भएको छ।

सानो थिमीबाट निकोसेरातर्फ आउँदै गरेको बा १ ज ९०६० नं को ट्याक्सी र विपरीत दिशातर्फ गइरहेको बा ८३ प ५४४८ नं को मोटरसाइकल शनिबार राति एकापसमा ठक्कर दिँदा नुवाकोट घर भई हाल काठमाडौँको कपन बस्ने ३१ वर्षीय दिपेन्द्र पण्डितको मृत्यु भएको हो। ठक्करबाट गम्भीर घाइते भएका पण्डितलाई उपचारका लागि थिमी कोरियन अस्पताल पठाइ थप उपचारका लागि माइतीघरस्थित अन्नपूर्ण न्यूरो अस्पताल पठाइएकामा उपचारका क्रममा आज बिहान मृत्यु भएको जिल्ला प्रहरी परिसर भक्तपुरका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक राजु पाण्डेले बताउनुभयो।

प्रहरीले ट्याक्सी चालक भक्तपुर नगरपालिका-१० बस्ने ३९ वर्षीय सुन्दर गोर्खालीसहित दुवै सवारसाधन नियन्त्रणमा लिएको छ। रासस

## तपाईंको आज
पण्डित : बम जी

| | |
|---|---|
| मेष | : वाद विवादबाट बच्नु। |
| बृष | : पारिवाहिक सुख। |
| मिथून | : शिक्षामा उन्नति। |
| कर्कट | : नयाँ कार्य हुने। |
| सिंह | : प्रेम प्रसंग, मित्र सुख। |
| कन्या | : भ्रमण अवसर हुने। |
| तुला | : बौद्धिक क्षमता। |
| बृश्चिक | : प्रतिभा सम्पन्नता। |
| धनु | : धन बृद्धि सञ्चय। |
| मकर | : अवसर प्राप्त। |
| कुम्भ | : सुख समृद्धि हुने। |
| मीन | : पुरस्कार प्राप्त लाभ। |

राशिफलले जस्तो दिनको संकेत गरेपनि कर्म गर्दा फल राम्रै पाइन्छ।

## महत्वपूर्ण टेलिफोन नम्बरहरू
जनकपुरधाम ०४१

| | | | |
|---|---|---|---|
| बारुण यन्त्र | ५२००११ | विद्युत फ्युज शाखा | ५९०८३४, ५९०८३५ |
| प्रहरी (हण्टीङ्गलाईन) | ४२००९९,४२०२९९, १०० | साह केबुल | ५२४७२२ |
| एम्बुलेन्स (रेडक्रस) | १०२ | जानकी केबुल | ५२३७२८ |
| एम्बुलेन्स (मेडिकल कलेज) | ५२६०९०, ५२६०९१ | म्याक्स टीभी | ०४१-५९०८९७,९८०१६६८६५२ |
| एम्बुलेन्स (हिमालय युवा क्लब) | ९८०४८१५१२६ | नगर सेफ्टी टैंक सफाई सेवा | ५२१२६२ |
| अञ्चल अस्पताल | ५२००३३ | मुजेलिया प्रहरी चौकी | ५२०७५० |
| जनकपुर सिटी हस्पिटल भानुचोक | ५२५०१, ५२५८९९ | सशस्त्र प्रहरी मुजेलिया | ५२७२१३, ५२७८०० |
| नेपाल शिक्षक संघ (एम्बुलेन्स) | ९८०१६४४४५५,९८५४०२८२९६ | बुद्ध एयर | ५२५०२२ |
| जानकी हेल्थकेयर सेन्टर रामानन्द चोक | ५२५३४१ | यति एयरलायन्स, शिवचोक | ५९०३०१/५९०३०२ |
| रक्तसंचार (रेडक्रस) | ५२०८७० | होटल मानकी | ९८१५८९३५३४, ९८१५८९३३४३ |
| ॐ शक्ति अध्ययन अनुसन्धान केन्द्र (एम्बुलेन्स) | ९८५४०२७४३४ | होटल रामा | ५२००५९, ५२३८५४ |
| कृष्णा नर्सिङ्गहोम | ५२१९१८ | वेलकम होटल | ९८०१६२००६५, ९८०१६२००६४ |
| विरेन्द्र डेन्टल हेल्थ केयर | ५२८४३७ | जलेश्वर अस्पताल | ०४४-५२००७० |
| आँखा अस्पताल | ५२०३९७ | प्रहरी (जलेश्वर) | ०४४-५२०००९ |
| रेडियो टुडे (९१ मेगाहर्ज) | ९८०१६२६०२६ | एम्बुलेन्स (जलेश्वर) | ०४४-५२०१०० |
| एयर पोर्ट | ५९००५८, ५९००५२ | विद्युत (जलेश्वर) | ०४४-५२००६६, ५२०१६६ |
| | | बारुण यन्त्र (जलेश्वर) | ०४४-५२००९७ |

## रत्न सागर मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ५:०० बजे |
| बिहान पूजा आरती | : ८:०० बजे |
| भोगराज लाग्ने सयम | : ११:३० बजे |
| निशुल्क अन्न क्षेत्र (दिउँसो) | : १२:०० बजे |
| मन्दिर बन्द हुने समय | : १२:०० बजे |
| खुल्ने समय (दिउँसो) | : ४००: बजे |
| रात्री आरती पूजा हुने समय | : ९:३० बजे |
| रात्री मन्दिर बन्द हुने सयम | : १०:०० बजे |

## जानकी मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| बिहान पूजा आरती | : ०७:०० बजे |
| बिहान ढोका बन्द | : १२:०० बजे |
| अन्न क्षेत्र | : निःशुल्क भोजन |
| दिउँसो ढोका खुल्ने समय | : ०४:०० बजे |
| सन्ध्या पूजा आरती:साँझा | : ०७:३० बजे |

## राम मन्दिर प्रत्येक दिन

| | |
|---|---|
| बिहान ढोका खुल्ने समय | : ०५:०० बजे |
| मंगल आरती | : ०७:३० बजे |
| महाप्रसाद भोग | : १२:०० बजे |
| दिउँसो ढोका खुल्ने समय | : ०३:३० बजे |
| सन्ध्या पूजा आरती साँझ | : ०७:०० बजे |
| रात्रि भोग | : ०९:०० बजे |
| पट बन्द | : ०९:१५ बजे |



अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥

## सम्पादकीय

### स्वतन्त्रको स्वतन्त्रता र दलहरु

मंसिर ४ गते हुने प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनमा विभिन्न आन्दोलनहरुवाट जन्मेका दलहरुलाई अहिले स्वतन्त्र भएर उम्मेदवारी दिनेहरु खुल्ला चुनौती दिन थालेका छन् । राणाकाल देखि राजासम्मको राजगद्दी खोस्नका लागि जनताले आन्दोलन थाले । राणाशासन हटाउन राजाले जनताको सहारा लिए, राजालाई हटाउन विभिन्न दलहरु गठन गरियो र फेरि जनताको सहारा लिइयो तर, जनता भने अहिले पनि बेसहारा नै छ । जनताको छोराले राज्य गर्न पाउनुपर्ने एउटा मुहिमनै छेरियो । जनता पनि राणा र राजाहरुवाट आजिज थिए । जनतामा एउटा आशा र अपेक्षाको जन्म गर्न दलहरुले मद्दत गरे तर, जनताको छोराले चलाएको मुलुकको वर्तमान अवस्थाबाट जनता नैराश्य छन् । जनताको छोराको नाउमा २०४७ सालमा आएको प्रजातन्त्रपछि मुलुकको अवस्था दिनानुदिन ओरालो लाग्दै गएको छ । अहिलेको अवस्था त थप जर्जर अवस्थामा पुगेको छ । मुलुक चलाउन सरकारसंग पैसा छैन्, विजनेश व्यापारसमेत चौपट भएको अवस्था छ । जो संग पैसा छ त्यो संग छ, नहुनेहरु ऋणको लागि पनि ललायित छन् । बैंकहरुले ऋण प्रवाह गर्न बन्द गरेका छन् भने जनतासंग पैसा नभएका कारण पसलेहरु मुकदर्शक भएर बसेका छन् । तर, सरकारका नेतृत्वकर्ताहरुको चिप्लो सवारी साधन र भरणपोषणमा बर्षोनि करोडौं रुपैयाँ खर्च हुँदै गएको छ । वर्तमान अवस्थामा राजनीतिक दलहरुले देखाएको र गरेको भूमिकालाई स्वतन्त्र भएर उम्मेदवारी दिनेहरु खुल्ला चुनौती दिने गरेका छन् भने आफूलाई जनता प्रिय भन्नेहरु आज यस्तो अवस्थामा पुगेका छन् कि आ-आफ्नो क्षेत्र छोड्न बाध्य छन् यसलाई पनि एक प्रकारको आन्दोलन मान्न सकिन्छ । दलहरु विरुद्धको आन्दोलनमा सहभागी हुनेहरुको संख्या पनि दिनप्रतिदिन थपिदै जानु दलप्रतिको वितृष्णा बुझ्नु पर्छ । जनताको छोराको विरुद्धमा आज जनताकै छोराहरुले राजनीतिक परिवर्तन तिर खेलेको भूमिकामा जनताकै सहारा चाहिएको छ । जनताले पनि दलका उम्मेदवारहरु र स्वतन्त्र भएर आएकाहरुलाई दाँज्नु पर्ने अवस्था छ अहिले । स्वतन्त्र उम्मेदवारले स्वतन्त्र पूर्वक आफ्ना कुरा राख्न सक्ने छ भने दलका उम्मेदवारहरुले दलको नीति, नियम र प्रक्रिया भित्र रहेर कुरा राख्ने गरेका कारण एक पटक सोच्नु र सम्वेदनशील हुनु जरुरी देखिन्छ ।

# सरकार, के पार्टीप्यालेन्स व्यवसायीलाई जनता ठग्न छाडा छोडेको हो

**रुषा थापा**

सरकारले बनाएको मापदण्ड विपरीत सञ्चालनमा रहेका पार्टीप्यालेन्सहरु थोरै वा चार आनादेखि १ रोपनी जग्गामा सञ्चालन भएका छन् । साथै सरकारले पार्टीप्यान्लेस सञ्चालन गर्नका लागि बनाएको निश्चित नीति तथा कानुन पनि यिनीहरुले मानेका छैनन् । यता पार्टीप्यान्लेसमा भोजभतेर लगाउने मानिसलाई एक प्लेट खानाको १३ सय देखि २५ सयसम्म लिइने गरिन्छ ।

खर्सीको मासु भनेर बाख्राको मासु खुवाइन्छ र लोकल कुखुराको मासु भनेर मरेको कुखुरा वा बोइलर कुखुराको मासु खुवाइन्छ । सडेको , बिग्रेको माछा र तरकारीहरु ल्याएर पकाएर खान दिइन्छ । साथै दुध, दही वा मिठाइहरु पनि बासी रहेका हुन्छन् भने मदिराहरु पनि नक्कली हुने गर्छ । ५ वर्षको बच्चाले आमासँगै खाना खान मान्दैन र अर्को प्लेट समात्नेबित्तिकै पैसा तिर्नुपर्छ ।

यता बुढाबुढीहरु पनि थोरै खान्छन् तर पैसा भने महँगो नै तिर्नुपर्छ । सरकार भन्छ, जन्मिएको मितिले १६ वर्ष नपुग्नुन्जेल नाबालक हुने गर्छ तर यहाँ त ५ वर्ष पुगेका बच्चासँग पनि यति महंगो पैसा लिने गरिन्छ । साथै जन्मिएको मितिले ६८ वर्ष पुगेपछि जेष्ठनागरिक हुन्छ र जेष्ठनागरिक भएपछि सरकारले ऊसलाई सहुलियत दिने गर्छ तर पार्टीप्यालेन्समा भने छुट दिने गरिदैंनन् ।

यसले गर्दा अबदेखि कि त बुढाबुढी र बच्चाहरु पार्टीप्यालेन्स जानबाट नै वञ्चित हुने भएका छन् । त्यहाँ त जो धेरै खान सक्छ त्यहीं मात्र जान पाउँछ । बच्चा तथा जेष्ठनागरिकलाई राज्यले हरेक क्षेत्रमा सहुलियत दिइरहेको छ तर पार्टीप्यालेन्सहरु तै उनीहरुलाई ठगीरहेका छन् । पार्टीप्यालेन्समा पाकेका खानेकुराहरुको न त सरकारले अनुगमन नै गर्छ । साथै त्यहाँ कतिको सरसफाइ छ भनेर पनि अनुगमन गरिदैंन ।

त्यस्तै यता पार्टीप्यालेन्समा एक प्लेट खानाको १३ सय देखि २५ सयसम्म लिइन्छ तर त्यो रेट सरकारले निर्धारण गरेको रेट होइन । साथै पार्टीप्यालेन्सहरुले एक प्लेट खानाको यति पैसा लिँदा यो रकम सस्तो हो कि महंगो भनेर जनता र सरकार कसैलाई थाहा छैन । अब सरकारले पार्टीप्यालेन्समा पाक्ने खानेकुराको मूल्यनिर्धारण गर्ने हो भने अहिलेकोभन्दा आधा मूल्यमा हामीले यो खानेकुराहरु प्राप्त गर्न पाउँछौं ।

साथै खानेकुराहरु गुणस्तरीय पनि हुन्छ र मानिसहरु बिरामी हुनपनि कम हुन्छन् । पछिल्लो समय पार्टीप्यालेन्समा खाएका खानेकुराबाट मानिसहरुलाई पेट दुख्ने र झाडापखाला लाग्ने समस्या बढ्दो रहेको छ । अहिले राजनितिक दलको कार्यक्रम गर्न, भिडियो सुडिङ्ग गर्न, व्रतबन्ध गर्न, संघसंस्थाको कार्यक्रम गर्न, विवाह गर्न, भोजभतेरी लगाउन आदि विभिन्न कामका लागि पार्टीप्यालेन्सहरुमा मानिसहरु जाने गर्छन् र पार्टीप्यालेन्सहरु एक दिन पनि खाली हुदैंनन् । यिनीहरुको दिनहुँ कमाइ लाखदेखि १० लाखसम्म हुने गर्छ ।

पार्टीप्यालेन्समा धेरै फाइदा हुने भएकाले पछिल्लो समय पार्टीप्यालेन्समा सबै राजनितिक दलहरुको लगानी रहेको पाइन्छ । खाली जग्गा नभएकाले, घना बस्ती भएकाले र घर सानो भएकाले मानिसहरु पछिल्लो समय जुनैसुकै कार्यक्रम गर्नुपरेमा पनि पार्टीप्यालेन्समै गर्ने गर्छन् । एक आनादेखि तीन आना जग्गामा घर बनाइन्छ र एक फ्ल्याटमा आफुबसेर अरु सबै भाडामा लगाइन्छ । त्यसैले पनि पछिल्लो समय मानिसहरु सानो ठुलो जुनसुकै कार्यक्रम गर्न पनि पार्टीप्यालेन्समा जाने गर्छन् । पहिलापहिला विवाह गर्दिँदा बेहुलाको घरबाट विवाह अपनाएर बेहुला लिएर बेहुलीको घरमा जाने गरिन्थ्यो र बेहुलीलाई बेहुलाको घरमा लगिन्थ्यो । तर अहिले त विवाह गर्दा बेहुला र बेहुलीलाई नै पार्टीप्यालेन्समा लगिन्छ र विवाह गरिन्छ । यसले गर्दा हाम्रो पुरानो सस्कृति नै मासिदैं गइरहेको छ ।

पार्टीप्यालेन्स जति बढ्यो त्यति नै विकृति फैलियो । साथै पहिला विवाह गर्दा थोरै मात्र खर्च भएपुग्थ्यो भने अहिले त विवाह गर्दा जीवनभरको कमाइ नै सिधिने गरिन्छ । अहिले आर्थिक कमजोर भएका मानिसहरुले त विवाह नै गर्न सक्दैंनन् । त्यस्तै यता अहिले जतिपनि पार्टीप्यालेन्सहरु सञ्चालनमा रहेका छन् तीसबै घनाबस्तीमा रहेका छन् । यसरी घनाबस्तीमा पार्टीप्यालेन्सहरु हुँदा पार्टीप्यालेन्स वरपरको घरहरुलाई राती विभिन्न समस्या पर्ने गर्छ ।

साथै यता पार्टीप्यालेन्सहरु बाटोको छेउमा सञ्चालन गर्न दिँदा ट्राफिक जामहरु भइरहेको छ र दुर्घटनापनि बढिरहेको छ । अहिले जनताहरुको माग रहेको छ , घनाबस्ती र बाटोको छेउछाउमा रहेका पार्टीप्यालेन्सहरु कि बन्द गर्नुपर्छ होइन भने उपत्यकाबाहिर सार्नुपर्छ । त्यस्तै यता कति पार्टीप्यालेन्सहरुमा रहेका कुर्सीहरु पनि भाचिँएका छन् र त्यहाँ पनि निकै फोहोर रहेको छ ।

> *पार्टीप्यालेन्स जति बढ्यो त्यति नै विकृति फैलियो । साथै पहिला विवाह गर्दा थोरै मात्र खर्च भएपुग्थ्यो भने अहिले त विवाह गर्दा जीवनभरको कमाइ नै सिधिने गरिन्छ । अहिले आर्थिक कमजोर भएका मानिसहरुले त विवाह नै गर्न सक्दैंनन् । त्यस्तै यता अहिले जतिपनि पार्टीप्यालेन्सहरु सञ्चालनमा रहेका छन् तीसबै घनाबस्तीमा रहेका छन् । यसरी घनाबस्तीमा पार्टीप्यालेन्सहरु हुँदा पार्टीप्यालेन्स वरपरको घरहरुलाई राती विभिन्न समस्या पर्ने गर्छ । साथै यता पार्टीप्यालेन्सहरु बाटोको छेउमा सञ्चालन गर्न दिंदा ट्राफिक जामहरु भइरहेको छ र दुर्घटनापनि बढिरहेको छ । अहिले जनताहरुको माग रहेको छ, घनाबस्ती र बाटोको छेउछाउमा रहेका पार्टीप्यालेन्सहरु कि बन्द गर्नुपर्छ होइन भने उपत्यकाबाहिर सार्नुपर्छ । त्यस्तै यता कति पार्टीप्यालेन्सहरुमा रहेका कुर्सीहरु पनि भाचिँएका छन् र त्यहाँ पनि निकै फोहोर रहेको छ । पार्टीप्यालेन्समा रहेका खानेपानी पनि स्वच्छ रहेको छैन वा शैचालय पनि फोहोर रहेको पाइन्छ । यिनीहरु व्यवस्थित रहेका छैनन् ।*

पार्टीप्यालेन्समा रहेका खानेपानी पनि स्वच्छ रहेको छैन वा शैचालय पनि फोहोर रहेको पाइन्छ । यिनीहरु व्यवस्थित रहेका छैनन् । पार्टीप्यालेन्समा काम गर्ने मानिसहरुलाई बिहानदेखि बेलुकासम्म काम लगाउने तर तलब भने ७ देखि १० हजारसम्म दिने गरिन्छ । यिनीहरुले मजदुरहरुलाई खाएको नै भरमा काम लगाउने गर्ने गर्छन् । साथै कति पार्टीप्यालेन्सहरुले त दर्ताबिना नै पार्टीप्यालेन्स सञ्चालन गरेका छन् भने कतिले दर्ता गरेपनि नवीकरण गरेका छैनन् । एउटै पार्टीप्यालेन्समा ५० लाखदेखि १० करोडसम्म लगानी गरेका हुन्छन् र दिनहुँ लाखदेखि १० लाखसम्म कमाउने गर्छन् । तर यता राज्यलाई लगानी र आम्दानीको राजस्व तिर्दैनन् ।

यसरी यिनीहरुले जनतालाई ठगीरहेका छन् र राज्यलाई राजस्व छलिरहेका छन् । साथै पार्टीप्यालेन्स सञ्चालक गर्ने सञ्चालकहरु राजनितिक दलको झोला बोकेर , संघसंस्था खालेर राज्यलाई राजस्व छलिरहेका छन् भने जनतालाई ठगीरहेका छन् । यिनीहरुले राजनितिक दलले कुनै कार्यक्रम पार्टीप्यालेन्समा गर्‍यो भने उनीहरुसँग पैसा लिदैंनन् तर जनतासँग त्यसको पनि जोडेर लिने गर्छन् । सरकारले काम गर्ने मजदुरलाई बैंकमार्फत १५ हजार तलब अनिवार्य रुपमा दिनुपर्छ भनेर भनेको छ तर पार्टीप्यालेन्स व्यवसायीहरुले यसरी मजदुरहरुलाई शोषण गरिरहेका छन् । साथै यता निजी कम्पनीमा काम गर्ने, पसलमा काम गर्ने, संघसस्थामा काम गर्ने आदि विभिन्न ठाउँमा काम गर्ने मजदुरहरुको तलब नबढेको पाँच वर्ष भइसकेको छ तर महंगीले भने सिमा नाघिसकेको छ ।

मानिसहरुले पछिल्लो समय अरुलाई देखाउनका लागि भएपनि घरजग्गा बेचेर पार्टीप्यालेन्समा भोजभतेर लगाउने गर्छन् र पछि वित्तिय संस्थाको ऋण तिर्न नसकेर डुब्छन् । अहिलेपनि नेपालमा कोरोना हटेको छैन तर पार्टीप्यालेन्समा आउने मानिसहरुले न त दुरी नै पालना गरेका हुन्छन् न त मास्क नै लगाएका हुन्छन् । सरकारको लापरबाहीले गर्दा वा सरकार मौन बस्दा नेपालको खेतीयोग्य जमिनहरु बाटो, घरजग्गा र पार्टीप्यालेन्स बनाउँदा नै सिधिँयो ।

यसले गर्दा नेपालमा अब खाद्यान्न संकट आउने छ । २०३९ सालसम्म नेपालबाट धान, कोदो, मकै, फापर वा विभिन्न खाद्यान्न सामग्रीहरु बाहिरी देशहरुमा निर्यात हुने गर्थ्यो । तर अहिले त हाम्रो देशले खानादेखि कपडासम्म नै बाहिरी देशबाट ल्याउने गर्छ । के अब नेपाल आफैंमा आत्मनिर्भर रहेको छ त । हामीले बाहिरी मुलुकबाट सामानहरु आयात गर्दा नेपाली मुद्राहरु सबै बाहिरी मुलुकमा जादैं छ र देशमा आर्थिक संकट आइरहेको पाइन्छ ।

आफ्नो वडा तथा नगरभित्र कति पार्टीप्यालेन्सहरु सञ्चालनमा रहेका छन् र यिनीहरुले राज्यलाई कर तिरेका छ वा छैनन् भनेर न त वडाध्यक्षलाई नै थाहा छ न त मेयरलाई । साथै अहिले उपत्यका भित्र भएका पार्टीप्यालेन्सहरु उपत्यकाबाहिर सार्ने हो भने ट्राफिक जाम पनि कम हुन्छ । पछिल्लो समय कति पार्टीप्यालेन्सहरु सरकारी जग्गा, गुठीका जग्गा र मठमन्दिरका जग्गाहरु कब्जा गरेर बनाइएको छ । साथै यिनीहरु एउटा पनि सरकारको मापदण्डभित्र रहेर सञ्चालन भएका छैनन् ।

तर यसको विरोधमा न त सञ्चारकर्मी नै कलम चलाउँछन् न त जनता नै बोल्छन् । व्यवसायी गर्ने नाममा जनतालाई ठग्न, राज्यलाई राजस्व छल्न र अरुलाई डिस्टर्व गर्न पाइन्छ । अब सरकारले उपत्यकाभित्र रहेको ट्राफिक जाम, दुर्घटना कम गर्न र सुन्दर तथा व्यवस्थित सहर बनाउनका लागि यी पार्टीप्यालेन्स बन्द गर्नुपर्छ र उपत्यकाबाहिर सार्नुपर्छ । साथै उपत्यकाभित्र रहेका दोहोरी साँझ , बार, फिल्म हल, सवारीसाधन बेच्ने कम्पनी , सिमेन्ट उघोग वा विभिन्न हार्डवेयर पसलहरु र डान्स रेस्टुरेन्टहरु पनि उपत्यकाबाहिर सार्नुपर्छ ।

त्यस्तै यता उपत्यकाभित्र बाटोको छेउछाउमा रहेका पेट्रोल पम्पहरु र कालीमाटी , बल्खु, तिनकुने आदि विभिन्न स्थानमा रहेका तरकारी तथा फलफुल पसलहरु पनि उपत्यकाबाहिर सार्नुपर्छ । उपत्यकाभित्र धेरै चाप रहेकाले गंगपुर बसपार्क पनि उपत्यकाबाहिर सार्नुपर्छ । यसले गर्दा प्रदूषण, दुर्घटना र ट्राफिक जाम कम हुने गर्छ ।

साथै राम्रो सुन्दर सहर बनाउन सहरी विकास मन्त्रालय वा उपत्यका विकास प्राधिकरणले ऐन, कानुन बनाउनुपर्छ र कार्यान्यन गर्नुपर्छ । अब महानगरपालिका र उपत्यका विकास प्राधिकरणले उपत्यकाभित्र रहेका पार्टीप्यालेन्स कति जग्गामा सञ्चालन भएका छन् भनेर डाटा संकलन गर्नुपर्छ र सरकारको मापदण्ड विपरीत सञ्चालन भएका पार्टीप्यालेन्सहरु हटाउनुपर्छ । पार्टीप्यालेन्सको ठगीधन्दा बढीरहेको छ र यिनीहरुको जनता ठग्ने धन्दा नराम्रोसँग मौलाइरहेको छ । यिनीहरुले गुण्डा पालेर जनतालाई लुटिरहेका छन् ।

अब सरकारले पनि यसको लुटको धन्दा बन्द गर्नुपर्छ र जनता पनि सडकमा उत्रिनुपर्छ । साथै पार्टीप्यालेन्समा भोज दिनुको साटोमा गरिब, दुःखी वा खान नपाएका मानिसहरुलाई सहयोग गरौं । हामीपनि अरुले दिएको भोजमा सित्तैमा खान पाइन्छ भनेर सडेका, बिग्रेका खानेकुराहरु खान नजाऔं । किनभन्दा त्यस्ता खानेकुराहरुले आफ्नो ज्यान पनि जान सक्छ र बिरामी भएर उपचार गर्दा लाखौं खर्च पनि हुन सक्छ ।

खानाको लोभले गर्दा आफ्नो स्वास्थ्यमाथि खेलबाड नगरौं र अरुको देखासिकी गरेर ऋण लिएर भोजभतेर नगरौं । अहिलेसम्म देशैभरि कति पार्टीप्यालेन्सहरु दर्तामा रहेका छन् भनेर सरकारसँग डाटा रहेको छैन र कति पार्टीप्यालेन्सहरुले सरकारलाई राजस्व तिरेको छैन भनेर पनि सरकारलाई थाहा छैन । अब सरकारले देशभरी रहेका पार्टीप्यालेन्सहरुको डाटा संकलन गर्नुपर्छ र यिनीहरुलाई करको दायरामा ल्याउनुपर्छ । आफ्नो घर वरपर रहेका पार्टीप्यालेन्सले डिस्टर्व गरेमा वडा, नगर वा प्रहरी प्रशासनमा उजुरी गरौं । पार्टीप्यालेन्समा खानेकुराहरु पकाउन धेरै ग्याँसहरु रहेका हुन्छन् तर त्यो ग्याँस केगरी लिक भएमा पार्टीप्यालेन्स त सिधिन्छ नै त्यसको वरपर रहेका घरहरु पनि जोखिममा पर्छ ।

अब सरकारले उपत्यकाभित्र रहेका पेट्रोल पम्प र ग्याँस सिलिन्डरको गोदामहरु विस्थापन गर्न निकै जरुरी रहेको छ । साथै घरघरमा रहेका ग्याँसहरु पनि विस्थापन गर्नुपर्छ । अब हामी पनि बच्नुपर्छ र अरुलाई पनि बचाउनुपर्छ । साथै पार्टीप्यालेन्सको ठगीधन्दा पनि बन्द गर्नुपर्छ । हामी नागरिक जिम्मेवार बनौं र यसरी जनतालाई सेवा दिने नाममा ठग्ने पार्टीप्यालेन्सहरुको विरोधमा उजुरी गरौं वा बोलौं । अहिले जनताहरु पार्टीप्यालेन्स व्यवसायीलाई ठग भन्छन् ।

यिनीहरुले विज्ञापन बजाएर सिधासाधी जनतालाई ठगीरहेका छन् । पार्टीप्यालेन्सहरुले पहिला मानिसलाई उनीहरुको पार्टीप्यालेन्समा भोज लगाओस् भनेर राम्राराम्रा खानेकुराहरुको लिस्ट देखाउने गर्छन् तर पछि सबै गुणस्तरहीन खानेकुराहरु दिने गर्छन् । यिनीहरु जनता ठग्न बसेका हुन् र सरकारले छाडा छोडेको हो । यसबाट हामी जनता पनि होसियार रहौं र पार्टीप्यालेन्सको ठगीधन्दा विरुद्ध बोलौं ।

# राजावादीहरुको संसद् छिर्ने दिन सकिएकै हो ?

**अनुसा थापा**

राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) हिन्दु राज्य स्थापना गर्ने, संघीयता खारेज गरेर राजतन्त्र व्यूँताउने नारा लिएर जनतामाझ पुगेको छ । देशमा राजाको खाँचो छ भन्दै राप्रपाले जनतासंग भोट मागिरहेको छ । २०७० सालको चुनावमा कमल थापाले हिन्दु राज्य ल्याउने र राजतन्त्र फर्काउने भनेर राजासंग १० करोड लिएर झ्याम्म बनाए । २४ सीट ल्याएर पनि केही उखालेनन् ।

बरु, तीनचोटि सरकारमा गएर उपप्रधानमन्त्री खाए । थापाकै बाटोमा अहिले राजेन्द्र लिङदेन पनि हिँडेका छन् । राजासंग करोडौं रकम लिएर चुनावी खर्च जुटाउने दाउ उनको छ । राजा ल्याउने भनेर हिँडेकाको दुई दिने नाटक पनि चुनावपछि देखिन्छ । २०७४ सालको चुनावमा जनताले राप्रपालाई भोट नै दिएनन् । लिङ्देनले एक सीट जिते । २०७० सालको तुलना गर्ने हो भने २३ सीट गुमाउनुपर्‍यो ।

आँउदो प्रतिनिधि सभा तथा प्रदेश सभाको निर्वाचनमा राप्रपाले त्यही एक सीट पनि नजित्ने अनुमान लगाउन थालिएको छ । कमल थापा र राजेन्द्र लिङदेनको पार्टीको हाल बेहाल हुने छ । लिङदेनले चुनाव जितेर आएपनि केही गरेनन् । पाँच वर्षको कार्यकालमा उनी २० चोटि पनि संसद्मा उभिएका छैनन् । उनको हाजिरी न्यून मात्र देखिन्छ । बस्, सरकारी सेवासुविधा लिने र तलबभत्ता खाने काम मात्र गरे । राप्रपामा कलाकार, पत्रकार, अभियन्तालगायतका व्यक्तिहरु हिँडेका छन् । कलाकारिता क्षेत्र बाट आएकी रेखा थापा, पत्रकार रविन्द्र मिश्र र अभियन्ता भनिने ज्ञानेन्द्र शाहीलाई कसले पत्याउने ? कलाकारसंग के क्षमता हुन्छ ? नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहालसंग नाँचेर चर्चामा आएकी रेखा थापा पनि मौका छोप्ने मात्र हो । माओवादीबाट टिकट नपाएपछि राप्रपामा । कहिले यता कहिले उता ।

राप्रपाका प्रवक्तासमेत रहेका ज्ञानेन्द्र शाही हिजो भाडा बेचेर गुजारा चलाउँथे । ठूल्ठूला कुरा गर्न जानेको तर अलिकति पनि काम गर्ने क्षमता नभएकालाई राप्रपाले टिकट दिएको छ । पत्रकार रविन्द्र मिश्र पनि मौकाको फाइदा उठाउने मात्र हुन् । विवेकशील साझा पार्टी चलाउन नसकेपछि सयौं ठक्कर खाएर राप्रपामा आएकाबाट के अपेक्षा गर्ने ? यिनीहरुलाई राजतन्त्र होइन्, कुर्सी चाहिएको छ ।

अध्यक्षको पद नपाएपछि पार्टीबाट चोइटिएर हिँडेका कमल थापा आफैंले पनि नेकपा एमाले बाट चुनावमा जाँदैछन् । अध्यक्ष नपाएपछि राजतन्त्र नै त्यागेर लोकतन्त्र स्वीकारेका थापालाई कसले पत्याउने ? २०६२-६३ सालमा जनताहरुले राजतन्त्र फ्याँक्नुपर्छ, गणतन्त्र ल्याउनुपर्छ भनेर १९ दिने आन्दोलन गरेका थिए । त्यतिखेर गृहमन्त्री थापा नै थिए । उनले प्रहरीलाई बन्दुक चलाउने निर्देशन दिएपछि कुखुरा मारेजसरी जनता मार्ने काम भयो ।

बानेश्वर, त्रिपुरेश्वर, कंलकीलगायतका स्थानमा सबैभन्दा धेरैको मृत्यु भयो । उनको निर्देशनले गर्दा प्रहरीले मकै भुट्रेको जसरी गोली चलायो । नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीले थापालाई मकवानपुरबाट टिकट दिएका छन् । तर, बिसौं वर्ष पार्टीमा लागेर योगदान पुर्‍याएको एमालेको नेताले टिकट पाएनन् । थापालाई टिकट दिनु हुदैंन भनेर मकवानपुरस्थित एमालेको पार्टी कार्यालयमा ताल्चा लगाइयो ।

केपी ओलीले विचार र सिद्धान्त छोडिसकेको एमाले नेता तथा कार्यकर्ताहरुको आरोप छ । ओलीले राजतन्त्र फर्काउनका लागि भित्रभित्रै योजना बुनेको बताइन्छ । केही गरी एमाले सत्तामा फर्कियो भने राजतन्त्र फर्किन्छ र संघीयता खारेज हुन्छ भन्ने कुरा स्पष्ट रुपमा बुझ्नुपर्छ । ओली हिजो पनि राजतन्त्र चाहिन्छ भन्थे आज पनि उनको मनमा त्यही छ । उनले बाहिरी रुपमा खुलस्त पार्न नसकेको प्रष्ट हुन्छ ।

ओली ‘राजावादी’ हुन् भन्दा पनि केही फरक नपर्ला । अब आउने चुनावमा एमालेले बढीमा सात सीट जित्छ । ओलीले आउने चुनावमा झापा ५ बाट चुनाव हार्छन् । त्यत्रो आन्दोलन गरेर ल्याएको व्यवस्था बदल्न खोज्नेहरु भित्तामा पुग्नेछन् । राजनीति परिवर्तन गर्न कतिले ज्यान फालेका छन् ? कति पीडा खेपेका छन् ? ओलीलाई थाहा छ । ओलीलाई जसरी पनि पराजय गर्नुपर्छ ।

एक गुट भएका राजावादीहरुलाई जनताले ठिक ठाँउमा ल्याउने निश्चित छ । राजावादीहरुको गुटले जति कोसिश गरेपनि जनताले राजतन्त्र फर्काउन दिने छैनन् । घरघरबाट जनताहरु सडकमा उत्रिन्छन् । आज ओली राजनीतिका ठूल्ठूला भाषण गर्छन् । तर, उनको राजनीति परिवर्तनका लागि के गरेका छन् । २०२८ सालमा खाना खान लागेको व्यक्तिलाई च्वाटै काटेर १४ वर्ष जेल बसे ।

अनि बाहिर निस्केर राजनीतिका कारण जेल बसेको भन्न लाज लाग्दैन् ? राजनीतिका लागि उनी एक दिन पनि जेल बसेका छैनन् । अपराध गरेपछि सजाय काट्नु स्वाभाविकै हो । ओलीकै कारण मुलुकमा अप्ठयारो पर्ने देखिन्छ । अहिले चलिरहेको व्यवस्था नै संकटमा पर्ने देखिन्छ । चुनाव हारुन् कि जितुन् उनले राजतन्त्र फर्काउने हरेक कोसिश गर्ने छन् । लिङ्देन र थापाले जे भन्यो ओलीले त्यही मान्छन् ।

राजावादी सोच भएकाहरुले अहिलेको व्यवस्था मनपराउदैनन् । पहिल्यैदेखि गणतन्त्र र लोकतन्त्रका विरोधीहरुले अब आफ्नो भाषा ओलीको मुखबाट भन्छन् । ओली पनि तिनकै इशारामा नाँच्ने देखिन्छ । यहाँ दोहोरो भिडन्त हुनेछ । जनता र अन्य राजनीतिक दलहरु हिन्दुराज्य चाँहिदैन, संघीयता खारेज गर्नुहुदैन भनेर सडकमा आँउछन् । यता, राजवादीको गुट पनि आन्दोलनमा उत्रिन्छन् ।

पछिल्लो समय नेपालमा विदेशी हस्तक्षेप बढिरहेको छ । किन कि राजनीतिक दलहरु निकै कमजोर देखिएका छन् । राजा ज्ञानेन्द्र शाहले बेलाबखत नेपालमाथि मडारिएको खतराको व्याख्या विश्लेषण गर्ने गरेका छन् । एमसिसी पारित र नागरिकता विद्येयकका कारण नेपाल विदेशी हस्तक्षेपमा परेको उनको वक्तव्यले प्रष्ट हुन्छ । यता, नेपालीलाई भेडाबाख्राझैं विदेश पठाउने क्रमले मुलुक संकटमा परेको छ ।

राजाले समेत देशमा आफ्नो आवश्यकता परेको बताउँदै आएका छन् । तर, हिजो राजाले जनता दबाउन नखोजेको भए आज आफै दबिनु पर्दैनथ्यो । तर, जति नै भएपनि जनताले राजतन्त्र फर्काउने छैनन् । जनतालाई राजतन्त्र चाँहिएको छैन् । राजाको सपोर्टमा सय जना माइतीघर मण्डलामा ओलिदैंमा राजतन्त्र फर्किन्छ ? हिन्दु राज्य आँउछ ? सय जनाले केही उखाल्ने छैनन् ।

राजाले पालिरहेका ओली, थापा र लिङदेन पक्षका केही व्यक्ति सडकमा आँउलान् । तर सर्वसाधारणचाहि मरेपनि आउने छैनन् । यिनीहरुको भविष्य संकटमा परेको छ । आगामी निर्वाचनपछि राप्रपाबाट उठेका उम्मेदवारहरुको कन्तबिजोग हुन्छ । केपी ओली र कमल थापामाथि पनि कालो बादल मडारिएको छ । २०७४ सालमा काठमाडौं क्षेत्र नम्बर १ बाट उठेका रविन्द्र मिश्रले नेपाली कांग्रेसका प्रकाशमान सिंहलाई चुनौती दिएका थिए ।

थोरै मतले मात्र उनी पराजय भएका थिए । यसअघिको चुनावमा ११ हजार बढी मत ल्याएको मिश्रले अब त्यसको एक तिहाइ पनि ल्याउदैनन् । उनी राप्रपामा जानु भनेको आफ्नो खुट्टामा आफैले बञ्चरो आउनु हो । किन कि राप्रपाको इतिहास सबैलाई थाहा छ । राप्रपामा कस्ता नेता थिए र तिनले के काम गरे ? यो हरेक जनताले राम्रोसंग स्मरण गरेका छन् ।

बरु, जनताको काम गरेको भए मिश्रको जित्ने सम्भावना धेरै हुन्थ्यो । मंसिर ४ गतेपछि राप्रपालाई दिँउसै बत्ती बालेर खोज्नुपर्ने अवस्था आँउछ । निवर्तमान कानूनमन्त्री गोविन्द शर्माले सांसद्को अवधि लम्बाउने भनेर प्रस्ताव गरेका थिए । चुनावको अघिल्लो दिनसम्म सांसद्को कार्यकाल रहने भनिएको थियो । तर, लिङदेनले म्याद थप्न नहुने भन्दै राजीनामा घोषणा गरेका थिए ।

उनले आफ्नो पार्टीलाई थप बलियो बनाएर संसद् प्रवेश गराउने भाषण ठोकेर राजीनामा दिए । अब उनी आफैं त संसद् छिर्न पाउने हो कि होइन् भर छैन् । आफ्नो पार्टीलाई दरो बनाएर छिराउछु भन्नु दिँउसै सपना देख्नु मात्र हो । आफू उभिन नसक्ने भन्दै ओलीले कुर्सीमा बसेर घण्टौं भाषण गरेका थिए । अब उनले यति धेरै दुःख गर्नुपर्दैन् । संसद् नै छिर्न नपाएपछि उठेर होस् कि बसेर भाषण गर्नुपर्दैन् ।

जनताले आफूलाई भोट नदिने राप्रपाका उम्मेदवारहरुले थाहा पाइसकेका छन् । बस्, आफ्नो कर्तव्य पूरा गर्न जनताको ढोकामा पुगेका हुन् । ओलीले संसद् विघटन गरेको आक्रोश जनतामा अझै पनि छ । सरकार चलाउने क्षमता नभएकालाई जिताएर किन आफ्नो भोट खेर फाल्ने ? त्यसमाथि पनि उभिएर भाषण दिन नसक्ने बुढेसकालका नेतालाई जिताएर देशको के विकास हुन्छ ?



**साह घरदैलोमा**: धनुषा क्षेत्र नम्बर ३ बाट प्रतिनिधिसभा सदस्यका उम्मेदवार उमेश साह घरदैलो अभियानमा लागेका छन् । *तस्विर : टुडे*

# राष्ट्रले अभिभावक गुमायो : राष्ट्रपति

**टुडे समाचारदाता**

काठमाण्डु। राष्ट्रपति विद्यादेवी भण्डारीले शताब्दी पुरुष सत्यमोहन जोशीको निधनबाट मुलुकले एक अथक स्रष्टा एवं अभिभावक गुमाएको बताएका छन् ।

राष्ट्रपति भण्डारीले जोशीको निधनबाट पीडाबोध भएकोसमेत उल्लेख गरिन । उनले आइतबार सामाजिक सञ्जाल ट्वीटरमार्फत जोशीको निधनबाट मुलुकले एक अथक स्रष्टा एवं अभिभावक गुमाएको बताएकी छन ।

राष्ट्रपति भण्डारीले , "वाङ्मयम शताब्दी पुरुष सत्यमोहन जोशीको निधनबाट मुलुकले एक अथक स्रष्टा एवं अभिभावक गुमाएकामा पीडाबोध भएको छ ।" जोशीको सार्थक जीवन हामी सबैका लागि प्रेरणाको स्रोत भएको उल्लेख गरेकी छन् । जोशीको आइतबार किष्ट मेडिकल कलेजमा उपचारका क्रममा निधन भएको हो । राष्ट्रपतिले जोशीप्रति श्रद्धाञ्जलिसमेत अर्पण गरिन ।

# उपराष्ट्रपति पुनद्वारा अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयको अवलोकन

गण्डकी । उपराष्ट्रपति नन्दबहादुर पुनले अन्तर्राष्ट्रिय पर्वतीय सङ्ग्रहालयको आइतबार अध्ययन अवलोकन गर्नुभएको छ । हिमाल र हिमालीको गतिविधिबारेमा सङ्ग्रह गरी प्रदर्शन गरिएको सङ्ग्रहालयको उहाँले रुचिपूर्वक अवलोकन गर्नुभएको हो ।


नेपाल पर्वतारोहण सङ्घद्वारा पोखरा महानगरपालिका-१७ रातोपैह्रामा निर्माण गरी सञ्चालनमा आएको सङ्ग्रहालय भवनभित्र विभिन्न चार कक्षअन्तर्गत १२ उपकक्षमा सङ्ग्रहित सामग्री प्रदर्शनमा राखिएको छ । सङ्ग्रहालयको पर्वतीय मानव कक्ष, हिमालीको सामाजिक, सांस्कृतिक, धार्मिक एवं आर्थिक क्रियाकलाप झल्काउने सामग्री, विश्वका पर्वत शृङ्खलाको उत्पति, भौगर्भिक महत्व, वन्यजन्तु, वनस्पति तथा खनिज पदार्थको प्रदर्शन गरिएको सङ्ग्रहालयका निर्देशक निर्मलाकुमारी न्यौपानेले उपराष्ट्रपति समक्ष जानकारी गराउनुभयो ।

उहाँका अनुसार उक्त कक्षमा विश्वका पर्वत शङ्खलामा हुने पर्वतारोहण, पदयात्रा, स्कीइङ, शिकार, अनुसन्धान जस्ता मानवीय गतिविधिका महत्वपूर्ण एवं ऐतिहासिक पक्षको प्रदर्शनी गरिएको छ । विश्वका हिमाल र हिमाली क्षेत्रका बारेमा अनुसन्धान गर्ने अध्येता, अन्वेषकका लागि उपयुक्त थलोका रुपमा लिइएको सङ्ग्रहालय परिसरमा निर्माण बोटानिकल गार्डेन, मनास्लु हिमालको मोडल, ढलोटको याकलगायतका विविध संरचना निर्माण गरिएको छ ।

सो अवसरमा उपराष्ट्रपति पुनले सङ्ग्रहालयमा राखिएको आगन्तुक पुस्तिकामा हस्ताक्षर गर्दै पर्यटन प्रवर्द्धनमा सङ्ग्रहालयको महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको बताउनुभयो ।रासस

# नागरिकतापीडितका समस्या निर्वाचन घोषणापत्रमा सम्बोधन गर्न माग

काठमाण्डु । बाबुआमाको जन्मसिद्ध नागरिकताको प्रमाणपत्र भएर पनि वर्षौंदेखि नागरिकता नपाएका पीडितले यो विषयलाई आगामी निर्वाचनको घोषणापत्रमा समावेश गर्न माग गरेका छन् ।



महिला, कानून र विकास मञ्चले आइतबार आयोजना गरेको 'आसन्न निर्वाचनका सन्दर्भमा नागरिकताबाट बञ्चित व्यक्तिको सरोकार' विषयक सञ्चारकर्मीसँगको छलफल कार्यक्रममा नागरिकता पीडितले समस्या समाधान गर्ने सम्बन्धमा राजनीतिक दलको विचार घोषणापत्रमै उल्लेख हुनुपर्नेमा जोड दिएका हुन्। धनुषाको गणेशनाथ नगरपालिका वडा नं ३ भरतपुरका २९ वर्षीय इन्द्रजीत साफी डेरा र होटलमा बास बस्नसमेत नागरिकता चाहिने अवस्थामा नागरिकता पीडितले पाइलापाइलामा समस्या भोग्ने गरेको गुनासो गनुभयो ।

यो समस्याका विषयमा राष्ट्रपति, प्रधानमन्त्री, गृहमन्त्रीलगायतलाई ज्ञापनपत्र दिइए पनि समस्या समाधान नभएकाले राजनीतिक दलले नागरिकता पीडितका समस्या समाधान गर्नेबारेमा ठोस नीति ल्याउन आवश्यक रहेको उहाँले बताउनुभयो। नागरिकता पीडितले साफीको नेतृत्वमा सङ्घर्ष समिति गठन गरेर १५ जिल्लाका नागरिकताविहीनलाई सङ्गठित गरेका छन् । उक्त समितिले पनि विभिन्न दबाबमूलक कार्यक्रम आयोजना गर्दै आएको छ ।

उहाँले भन्नुभयो, "माइतीघरमा धर्नामा बस्दा भारतीय भनेर हाम्रो आत्मसम्मान र स्वाभिमानमा ठेस लगाउने काम भयो, संसद्को दुवै सदनबाट पारित विधेयक राष्ट्रपतिले प्रमाणीकरण गर्नुभएन, विसं २०७८ जेठमा यही विषय अध्यादेशबाट आउँदा केही छिनमै स्वीकृति दिने राष्ट्रपतिले संसद्बाट दुईपटक पारित भएको विधेयक भने प्रमाणीकरण गर्नुभएन ।"

खोटाङका २२ वर्षीय प्रतीक सुनारको समस्या पनि उस्तै छ । सुनारका बाबुको वंशजको नागरिकता भए पनि हाल हङकङमा रहेकाले सनाखत गर्न आउन नसकेर उहाँले नागरिकता पाउनुभएको छैन । आमा नेपालमै भए पनि सनाखतका लागि जिल्ला प्रशासन कार्यालयले बाबुलाई नै खोजेको छ । बाबुको नागरिकताको प्रमाणपत्रको प्रतिलिपिका आधारमा अरुले सनाखत गरेकाले उहाँले नागरिकता पाउन सक्नुभएन ।

झापाका २५ वर्षीय परहत बानुले राम्रो रोजगारी पाउने आशामा एयर होस्टेसको कोर्स पूरा गरे पनि नागरिकताको अभावमा अहिलेसम्म बेरोजगार भौंतारिन बाध्य हुनुपरेको छ। सानी छोरीलाई विद्यलायमा भर्ना गर्न जन्मदर्ता खोजेको र नागरिकता नहुँदा विवाह एवं जन्मदर्ताको प्रमाणपत्र पाउन नसकेकाले समस्या भोग्न बाध्य हुनुपरेको उहाँले सुनाउनुभयो ।

नागरिकता नपाएर पीडित हुने यी तीन त प्रतिनिधि पात्रमात्र हुन् । जन्मसिद्ध नागरिकता पाएकाका सन्तति पाँच लाख र एकल आमाका सन्तान छ लाख गरी ११ लाख नागरिक अहिले नागरिकताविहीन रहेको मञ्चका कार्यकारी निर्देशकसमेत रहनुभएका अधिवक्ता सबिन श्रेष्ठले बताउनुभयो।योसमस्यासमाधानका लागि आगामी निर्वाचनअघि जारी हुने घोषणापत्रका माध्यमबाट सम्बोधन गर्न आग्रह गरिएको पनि उहाँले सुनाउनुभयो ।रासस

# पूर्वी सिमानामा विद्युतीय तारबार

नवलपुर । चितवन राष्ट्रिय निकुञ्जबाट जङ्गली जनावरलाई बस्ती पस्नबाट रोक्नका लागि विद्युतीय तारबार गरिएको छ । नवलपरासी (बर्दघाट-सुस्तापूर्व)को मध्यविन्दु-३ मा विद्युतीय तारबार गरिएको हो । चितवन राष्ट्रिय निकुञ्जको मध्यवर्ती क्षेत्रमा पर्ने ब्रम्हस्थानमा गैंडा, बँदेललगायतका जङ्गली जनावर पछिल्लो समय स्थानीयलाई दुःख दिन थालेका थिए । शनिबार गाउँको पूर्वी सिमानामा विद्युतीय तारबार गरिएको मध्यविन्दु-३ का वडाध्यक्ष मानबहादुर महतोले बताउनुभयो। "जङ्गली जनावरका कारण स्थानीयले धेरै दुःख पाएको गुनासो गर्दै आएका थिए", उहाँले भन्नुभयो, "अब केही हदसम्म भए पनि जङ्गली जनावर गाउँ छिर्नबाट रोकिन्छन् ।"

यस वडा र चितवन राष्ट्रिय निकुञ्जलाई नारायणी नदीले छुट्याएको छ । "नारायणी तरेर जङ्गली जनावर गाउँ छिर्दा धनजनको क्षतिसमेत हुने गरेको थियो", वडाध्यक्षमहतोले भन्नुभयो, "नदी तरेर आए पनि विद्युतीय तारबाट जङ्गली जनावर सहजरूपमा गाउँ छिर्न सक्दैनन् ।" रातको समयमा तारमा विद्युतीय झड्का छोडिने भन्दै उहाँले तारमा छोडिएको विद्युतीय झड्काले वन्यजन्तुलाई हानी नपुऱ्याउने बताउनुभयो ।

"गाउँको सिमानामा जडान गरिएको विद्युतीय तारबाट वन्यजन्तुलाई क्षति पुग्दैन", उहाँले भन्नुभयो, "जनावर गाउँ प्रवेश गर्न खोज्दा तारमा छोइएको अवस्थामा उनीहरूलाई करेन्ट लाग्दैन तर तारले जताबाट आएको हो उतै धकेल्ने काम गर्छ ।" विद्युत् नभएको समयमा जेनेरेटर प्रयोग गरेरसमेत विद्युतीय झड्का दिइने उहाँको भनाइ छ ।

गाउँमा करिब चार वर्षदेखि विद्युतीय तार बिग्रिएर बसेको थियो । नारायणी नदीको किनारै-किनार जोडिएको विद्युतीय तार बिग्रिएपछि गाउँमा बँदेल र एकसिङ्गे गैंडाले सताउँदै आएको स्थानीय सूर्यप्रसाद रेग्मीले बताउनुभयो । निकुञ्जबाट गाउँ पसेको गैंडाले गत वर्षमात्रै दुई जना स्थानीयलाई आक्रमण गरी घाइते बनाएको उहाँको भनाइ छ ।

"गाउँ र नारायणी नदीको सिमानामा लगाइएको विद्युतीय तारमा रातिमा मात्रै विद्युत् छोड्ने गरी हेरालु राखेका छौं", उहाँले भन्नुभयो, "रातिमा जनावर गाउँ प्रवेश गर्न नपाएपछि दिउँसो त आउँदैनन् ।" रातिमा जनावर गाउँ छिरेको अवस्थामा भने दिउँसै गाउँमा गैंडाले आतङ्क मच्चाउने गरेको रेग्मीले बताउनुभयो । "एक हप्ता अगाडिमात्रै दिउँसो १ बजेतिर गैंडा गाउँमा पस्दा सबैको भागाभाग भएको थियो", स्थानीय रेग्मीले भन्नुभयो, "गाउँ पसेको गैंडा लखेट्नका लागि निकुञ्जको लामाचौर पोष्टबाट हात्ती ल्याउनुपर्ने अवस्थासमेत आउँछ ।" बँदेल तथा गैंडाका कारण यहाँका बासिन्दाले धान तथा गहुँखेती लगाउनै छाडेका उहाँले बताउनुभयो । "धानबारीमा गैंडा गएर चर्ने तथा मडार्ने गर्छ", रेग्मीले भन्नुभयो, "खेती लगायो तर, भित्र्याउन पाइँदैन भने मेहेनतमात्रै किन गर्नु भनेर धेरैले धान तथा गहुँखेती गर्नै छाडिसके ।"

बँदेलले पनि तरुल, आलुलगायतका बाली खाइदिने गरेको जनाइएको छ । वडाको पहलमा नगरपालिकाबाट विद्युतीय तारबार भएपछि भने अब खेतीपाती सुरक्षित हुनेमा स्थानीयवासी विश्वस्त छन् । ब्रम्हस्थानकी देवी पौडेलले अब जङ्गली जनावरको त्रास कम भएको बताउनुभयो । "पहिले त दिउँसै घरबाट बाहिर निस्कनसमेत डर हुने गरेको थियो", उहाँले भन्नुभयो, "विद्युतीय तारबार लगाएपछि गाउँमा जनावर पस्दैनन् भन्ने सुनेका छौं, त्यसैले अब ढुक्कले बस्न पाइने भयो ।"

जनावरको त्रासका कारण साँझ परेपछि घर बाहिर निस्कनै डर हुने भएकाले गाउँ नै सुनसान हुने गरेको भन्दै अब भने गाउँमा रमाइलो माहौल छाउने उहाँको भनाइ छ । "चाडपर्वको समयमा पनि रमाइलो गर्न पाइने गरेको थिएन", उहाँले भन्नुभयो, "अब भने ढुक्कले गाउँमा रमाइलो गरेर पर्व मनाउन पाइएला ।"रासस

# केन्द्रमा पहुँच राख्नसक्ने व्यक्तिको जनताले मूल्याङ्कन गर्नुपर्छ : वरिष्ठ नेता पौडेल



दमौली । नेपाली कांग्रेसका वरिष्ठ नेता रामचन्द्र पौडेलले केन्द्रमा पहुँच राख्नसक्ने व्यक्तिको जनताले मूल्याङ्कन गर्नुपर्ने बताउनुभएको छ।

तनहुँको बन्दीपुर गाउँपालिका-१ डुम्रेमा निर्वाचन लक्षित सम्पर्क कार्यालयको आइतबार उद्घाटन गर्दै वरिष्ठ नेता पौडेलले केन्द्रमा पहुँच राख्नसक्ने व्यक्तिले जितेमा जिल्लामा विकास योजना आउने बताउनुभयो । मङ्सिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभा सदस्य निर्वाचनमा यसपटक जनताले आफ्नो मूल्याङ्कन गर्ने पौडेलको भनाइ थियो । पौडेलले कांग्रेसको नेतृत्वमा मात्रै विकास सम्भव रहेको बताउनुभयो । आफूहरुले अहिले राजनीति र विकासको लडाइँ गर्दै आएको बताउँदै पौडेलले भन्नुभयो, "हामीहरु अहिले दोहोरो लडाइँमा छौं, लोकतन्त्रका लागि पनि लड्दै आएका छौं, विकासका लागि पनि लड्दै आएका छौं ।" अबको निर्वाचनमा कांग्रेसले जित्दा विकास योजनाले निरन्तरता पाउने उहाँको भनाइ थियो ।

"जनप्रतिनिधिले दुई थरी विकास गर्नुपर्ने अहिलेको आवश्यकता हो, राजनीतिको विकास र भौतिक विकास", उहाँले भन्नुभयो, "हामीले सकेको विकासका काम गर्दै आएका छौं ।" वरिष्ठ नेता पौडेलले गाउँगाउँमा खानेपानी, बाटो, विद्यालय, शिक्षा, स्वास्थ्य सेवा पुगेको र त्यसलाई निरन्तरता दिने योजनासहित आफूहरु लागिपरेको बताउनुभयो ।

गठबन्धन सरकार बनेपछि तनहुँमा दुई अर्बभन्दा बढीको बजेट आइसकेको उहाँले बताउनुभयो ।रासस

# जोशीले पुऱ्याउनुभएको योगदान नेपालीका लागि चीर स्मरणीय : अध्यक्ष दाहाल

**टुडे समाचारदाता**

काठमाण्डु। नेकपा (माओवादी केन्द्र) का अध्यक्ष पुष्पकमल दाहाल 'प्रचण्ड'ले नेपाली कला, साहित्य र भाषा संस्कृतिलाई नेपाल र विश्वभर चिनाएर स्थापित गर्न शताब्दी पुरुष सत्यमोहन जोशीले पुऱ्याएको योगदान सम्पूर्ण नेपालीका लागि चीर स्मरणीय रहने बताएका छन् ।

अध्यक्ष दाहालले आइतबार एक शोक सन्देश जारी गर्दै नेपाली भाषा, साहित्य र संस्कृतिका धरोहर 'शताब्दी पुरुष' को एक सय तीन वर्षको उमेरमा दुःखद् निधन भएको खबरले सबै नेपालीलाई स्तब्ध बनाएको बताए । अध्यक्ष दाहालले जोशीप्रति हार्दिक श्रद्धाञ्जलि अर्पण गर्दै शोक सन्तप्त परिवारजनमा समवेदना व्यक्त गरेका हुन् ।

एक सय तीन वर्षको उमेरसम्म पनि जोशीको सामाजिक क्रियाशीलता विश्वभरिका मानव समुदायलाई उत्प्रेरणाको स्रोत बनेर रहने उनले बताए । सन्देशमा अध्यक्ष दाहालले भनेका छन, "नेपाल सरकार र नेपाली जनताले उहाँको योगदान र क्रियाशीलताको सदा उच्च सम्मान गरिरहने छन् भन्ने मैले विश्वास लिएको छु ।"

# आधिकारिक निकायको परिचयपत्रबाट पनि मतदान गर्न मिल्ने

**टुडे समाचारदाता**

काठमाण्डु । मंसिर ४ गते हुने प्रतिनिधिसभा र प्रदेशसभाको निर्वाचनमा मतदाताले आफ्नो नाम भएको मतदानकेन्द्रमा मतदान गर्न जाँदा आयोगले प्रदान गरेको परिचयपत्र वा अन्य परिचय खुल्ने सरकारी परिचयपत्रबाट पनि मतदान गर्न पाउने भएका छन् ।

प्रमुख निर्वाचन आयुक्त दिनेशकुमार थपलियाले नागरिकता, राहदानी, राष्ट्रिय परिचयपत्र, लालपूर्जा वा आधिकारिक निकायबाट जारी परिचय खुल्ने परिचयपत्र देखाएर पनि मतदान गर्न पाउने व्यवस्था गरिएको बताएका छन् ।


## कलैया उपमहानगरपालिका
### नगर कार्यपालिकाको कार्यालय
### बारा, कलैया

## आन्तरिक आय ठेक्का लगाउने बारेको सूचना

सुचना प्रकाशित मिति : २०७९।०६।३१

यस उपमहानगरपालिकाले गत विगत वर्षहरुमा आय संकलनको लागि ठेक्का लगाउँदै आए अनुसार आ.ब. ०७९।०८० को लागि तपसिल बमोजिमको ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले देहायका शर्तहरुको अधिनमा रही (भवनका लागि ब्यक्ति) वा इच्छुक फर्म वा कम्पनीहरुले सूचना प्रकाशित भएको तपसिलमा तोकिएको दिन भित्र रु. १० को नगदी रसिद सहित रीतपूर्वक गोप्य शिलबन्दी बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

तपशिल

| ठेक्का नं. | ठेक्का शिर्षक | वडा नं. | टोल | ठेक्का अवधि | धरौटी खाता नं. | ठेक्काको व्यूनतम अंक रु. | बोलपत्र फाराम दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ३।०७९/०८० | हाट बजार | १ | कलैया | १ वर्ष | १२६००३०३००००४ | ३९३६५२४।– (भ्याट बाहेक) | ३,०००। | ७ दिने |
| ४।०७९/०८० | सप्ताहिक खसि बजार | ६ | लहेर्वाटोला | १ वर्ष | १२६००३०३००००४ | १५४८३४३।- (भ्याट बाहेक) | १,०००। | ७ दिने |

**अन्य शर्तहरू**

१) बोलपत्रदाताले खामको बाहिरपटी ठेक्काको नम्बर, नाम र कलैया उ.म.न.पा. कार्यालय, बारा भनी प्रष्ट लेख्नुपर्नेछ।

२) बोलपत्र फाराम यस कार्यालयबाट माथी उल्लेख भए बमोजिम पछि फिर्ता नहुने गरी मूल्य तिरी यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन सम्म कार्यालय समयमा खरिद गर्न सकिनेछ।

३) बोलपत्र खरिद गर्ने फर्मले स्थायी लेखा नम्बरको प्रमाण पत्र, आ.ब. ०७८।०७९ को कर चुक्ता पत्रहरुको प्रमाणित प्रतिलिपी अनिवार्य पेश गर्नु पर्नेछ।

४) ठेक्काको हकमा सूचना प्रकाशित भएको ८ औं दिनमा दिनको १२:०० बजे भित्र कलैया उपमहानगरपालिका कार्यालय, बारामा बोलपत्र दर्ता गराई सक्नु पर्नेछ र सोही दिन दिनको २:०० बजे यस कार्यालयमा बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहवरमा बोलपत्र खोलिने छ। उक्त दिन विदा परेमा सो पछि लगत्तै कार्यालय खुलेको दिन सोही समयमा सो कार्य हुनेछ। बोलपत्र खोलिने मिति र समयमा बोलपत्रदाताहरु उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा पर्ने छैन।

५) ठेक्का सम्बन्धी अन्य थप कुराहरु बुझ्नु परेमा यस कार्यालयको राजश्व शाखामा कार्यालय समय भित्र सम्पर्क राख्न सकिनेछ।

६) यस सूचनामा उल्लेख नभएका शर्तहरुको हकमा प्रचलित कानून बमोजिम हुनेछ।

# 'एक देश,दुई प्रणाली'को नीतिलाई कायम राख्ने

**सिन्ह्वा**

बेइजिङ । चिनियाँ कम्युनिष्ट पार्टी (सिपिसी)का महासचिव एवम् राष्ट्रपति सी चिनफिङले सुधारसहित एक देश, दुई प्रणालीको नीतिलाई कायम राख्ने प्रतिबद्धता व्यक्त गर्नुभएको छ ।

चिनियाँ कम्युनिष्ट पार्टीको आइतबार सुरू भएको बीसौं महाधिवेशनमा राजनीतिक प्रतिवेदन प्रस्तुत गर्दै उहाँले "एक देश, दुई प्रणालीको नीति चिनियाँ विशेषतासहितको समाजवादको ठूलो आविष्कार हो, हङकङ र मकाउमा दिगो समृद्धि र स्थायित्व सुनिश्चित गर्न यो प्रणाली सबैभन्दा राम्रो संस्थागत व्यवस्था साबित भएको छ," भन्नुभयो । उक्त नीतिलाई दीर्घकालीन रूपमा पालना गर्नुपर्नेमा जोड दिँदै त्यसलाई पूर्णरूपेण इमानदारी एवम् दृढताका साथ कार्यान्वयन गर्ने प्रतिबद्धता उहाँले व्यक्त गर्नुभयो ।

हङकङ र मकाउमा कानूनमा आधारित शासन सुनिश्चित गर्न एक देश, दुई प्रणालीअन्तर्गत हङकङका जनताले हङकङको प्रशासन गर्ने र मकाओका जनताले मकाउको शासन गर्ने बताउँदै उहाँले दुवैलाई उच्च स्तरको स्वायत्तताका लागि सिपिसी प्रतिबद्ध रहने स्पष्ट गर्नुभयो । महासचिव सीले दुवै क्षेत्र देशभक्तहरूद्वारा प्रशासित भएको सुनिश्चित गर्न केन्द्र सरकारले समग्र अधिकार उपभोग गर्न दिने स्पष्ट गर्नुभयो ।



हङकङ र मकाउको अर्थतन्त्र सबल बनाउन, त्यहाँका जनताको जीवनस्तरमा सुधार गर्न, आर्थिक एवम् सामाजिक विकासका समस्या समाधान गर्न तथा दुई विशेष प्रशासनिक क्षेत्रमा दीर्घकालीन समृद्धि र स्थिरता प्रवर्द्धन गर्न सहयोग गर्ने दृढता पनि महासचिव सीले व्यक्त गर्नुभयो । उहाँले हङकङ र मकाउलाई चीनको समग्र विकासमा अझ राम्रोसँग समाहित गर्न चाहेको बताउनुभयो ।

महासचिव सीले महाधिवेशनमा प्रस्तुत गर्नुभएको प्रतिवेदन अनुसार केन्द्र सरकारको समग्र क्षेत्राधिकार र विशेष प्रशासनिक क्षेत्रमा उच्च स्तरको स्वायत्तता सुनिश्चित हुनेछ भने केन्द्रीय अधिकारीहरूले हङकङ र मकाउमा कार्यकारी नेतृत्वको सरकारलाई समर्थन गर्नेछन् । कानुनमा आधारित प्रशासनको अभ्यास गर्न, उनीहरूको समग्र शासन र व्यवस्थापन क्षमता अभिवृद्धि गर्न तथा उनीहरूको न्यायिक र कानुनी प्रणालीमा सुधार गर्न दुई क्षेत्रका प्रमुख कार्यकारीहरू र सरकारलाई केन्द्रबाट सहयोग हुनेछ ।

हामी हङकङ र मकाउका बासिन्दालाई दुवै क्षेत्रप्रति सद्भाव राख्न, थप देशभक्त हुन र एक देश, दुई प्रणाली नीतिको समर्थनमा स्वदेश र विदेशमा फराकिलो संयुक्त मोर्चा बनाउन प्रेरित गर्नेछौँ । हङकङ र मकाउमा अराजकता सिर्जनाको प्रयास गर्ने चीन विरोधी तत्वहरूलाई कडा कारबाही गर्नेछौँ ।

हामी हङकङ र मकाउको मामिलामा बाह्य शक्तिहरूको हस्तक्षेप रोक्न र दृढ कदम चाल्नेछौँ," प्रतिवेदनमा भनिएको छ ।

**चीन कहिल्यै विस्तारवादमा संलग्न नहुने**

चिनियाँ कम्युनिष्ट पार्टीको २०औँ राष्ट्रिय महाधिवेशनको उद्घाटन सत्रकै क्रममा राष्ट्रपति सीले चीन कहिल्यै प्रभुत्व खोज्ने वा विस्तारवादमा संलग्न नहुने स्पष्ट गर्नुभयो । चीन सबै प्रकारका आधिपत्यवाद र शक्ति राजनीति, शीतयुद्धको मानसिकता, अन्य देशको आन्तरिक मामिलामा हस्तक्षेप र दोहोरो मापदण्डको विरुद्धमा दृढतापूर्वक उभिएको र भविष्यमा पनि उक्त नीतिमा अडिग रहने उहाँले बताउनुभयो ।

चीन विश्वशान्तिका निम्ति स्वतन्त्र विदेश नीति अवलम्बन गर्न दृढ रहेको, गुण र दोषका आधारमा वैश्विक विषयहरूमा आफ्नो अडान र नीति निर्धारण गरेको दोहोर्‍याउँदै महासचिव सीले चिनियाँ विदेश नीतिबाट देशको अन्तर्राष्ट्रिय सम्बन्धलाई नियन्त्रित गर्ने आधारभूत मान्यतालाई कायम राख्न तथा अन्तर्राष्ट्रिय निष्पक्षता एवम् न्यायको रक्षा गर्न मद्दत पुग्ने बताउनुभयो ।

# बारमा बन्दुक आक्रमण बाह्रको मृत्यु

**एएफपी**

मेक्सिका । मध्यमेक्सिकोको एकबारमाशनिबारभएकोगोलीकाण्डमा परी १२ जनाको मृत्यु भएको स्थानीय अधिकारीले बताएका छन् । बढ्दो हिंसाले यस क्षेत्रलाई देशको सबैभन्दा खतरनाक मध्ये एक बनाएको छ ।

औद्योगिक गुआनाजुआटो राज्य दुई प्रतिद्वन्द्वी समूह - सान्ता रोजा डे लिमा र जलिस्को न्यू जेनेरेसन कार्टेल - लागूऔषधको तस्करी र इन्धन चोरी गर्नका लागि परिचित छन् । साथै अन्यबीचको विवादस्थल बनेको छ ।

प्रहरीले शनिबारको आक्रमण इरापुटो सहरको बारमा राति ८ बजे सशस्त्र समूहले प्रवेश गरी ग्राहक र कर्मचारीमाथि गोली चलाउँदा यो घटना भएको विश्वास गरेको छ । कम्तीमा छ जना पुरुष, छ जना महिलाको मृत्यु भएको छ, र अन्य तीन जना घाइते भएका छन्, नगरपालिका सरकारले एक विज्ञप्तिमा जनाएको छ ।



एकजनाको शव बाहिर मोटरसाइकलको छेउमा फेला परेको थियो भने बाँकी मृतक बारभित्रै फेला परेको प्रहरीले जनाएको छ । आक्रमणकारीलाई राज्य प्रहरी, सेना, अभियोजकको कार्यालय र नेशनल गार्डले खोजी गरिरहेको नगरपालिका सरकारले जनाएको छ ।

यो आक्रमण गुआनाजुआटोमा एक महिनाभन्दा कम अवधिमा भएको दोस्रो सामूहिक गोलीकाण्ड हो । सेप्टेम्बरमा, राज्यको तारिमोरो नगरपालिकाको पोखरी हलमा सशस्त्र आक्रमणकारीले दश जनाको हत्या गरेका थिए । यस महिनाको सुरुमा सङ्गठित अपराध समूहले नजिकैको राज्य गुरेरोको सान मिगुएल टोटोलापनको टाउन हलमा मेयरसहित २० व्यक्तिको हत्या गरेका थिए ।

# इराकी राष्ट्रपतिलाई चिनियाँ राष्ट्रपतिको बधाइ

**सिन्ह्वा**

बेइजिङ । इराकको राष्ट्रपति निर्वाचित भएकामा अब्दुल लातिफ रसिदलाई चिनियाँ राष्ट्रपति सि चिनफिङले बधाइ दिनुभएको छ ।

आइतबार भएको निर्वाचनमा यहाँको राष्ट्रपतिमा रसिद निर्वाचित हुनुभएको छ । यस अवसरमा चिनियाँ राष्ट्रपति चिनफिङले शनिबार एक बधाइ सन्देश दिनुभएको समाचारमा जनाइएको छ । राष्ट्रपति चिनफिङले चीन र इराकका बीचमा विगत लामो समयदेखि आपसी सम्बन्धका साथै पारस्परिक सम्बन्धको विकास हुँदै आएको र आगामी दिनमा पनि दुई देशका बीचको सम्बन्धलाई थप अगाडि बढाइने बताउनुभएको छ ।

राष्ट्रपति चिनिफिङले चीन इराकका नव नियुक्त राष्ट्रपतिसँग मिलेर काम गर्न चीन तयार रहेको बताउनुभएको छ ।

उहाँले इराकी राष्ट्रपति र यहाँका जनतालाई पठाउनुभएको सो सन्देशमा आगामी दिनमा चीन, इराकबीच मिलेर काम गर्ने र दुई देशको आपसी हितका क्षेत्रमा समझदारीका लागि सहकार्यका साथ अघि बढ्न पर्नेमा पनि सो सन्देशमा जोड दिनुभएको छ ।

# बाढी र पहिरोमा परी तीनको मृत्यु, ५५ हजारभन्दा बढी प्रभावित

**सिन्ह्वा**

कोलोम्बा । श्रीलङ्कामा गएको ७२ घण्टामा बाढी र पहिरोबाट तीन जनाको मृत्यु भएको छ । यस प्रकोपमा परी १३ हजार नौ सय दुई परिवारका ५५ हजारभन्दा बढी मानिस प्रभावित भएका विपद् व्यवस्थापन केन्द्र (डीएमसी)ले आइतबार जनाएको छ ।

बाढी र पहिरो ल्याएको वर्षाको मौसम बुधबारसम्म जारी रहने डीएमसीले जनाएको छ । भारी वर्षा जारी रहेमा केही क्षेत्रमा बाढीको जोखिम बढ्ने सिँचाइ निर्देशक सुगेश्वरले बताउनुभएको छ ।

प्रतिकूल मौसम अवस्थालाई ध्यानमा राख्दै छ जिल्लाका लागि जारी गरिएको पहिरोको चेतावनीलाई थप गरिएको डीएमसीले जनाएको छ ।



हालको भारी वर्षा देशनजिकैको इन्टरट्रोपिकल कन्भर्जेन्स जोन (आईटीसीजेड)को प्रभावका कारण भएको जल तथा मौसम विज्ञान विभागले जनाएको छ ।

# तेक्वान्दोमा पुलिसलाई चार स्वर्ण

म्याग्दी । नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिताअन्तर्गत म्याग्दीको बेनीमा जारी तेक्वान्दो खेलको पुम्सेतर्फको बिधाका उपाधिमा नेपाल प्रहरीले वर्चश्व कायम गरेको छ । पुम्से एकल र पियरको महिला पुरुष दुवैमा विजेता बनेको प्रहरीले पुरुष टिम पुम्सेतर्फ पनि प्रथम बनेर चार स्वर्ण पदक जितेको छ । महिलातर्फको टिम पुम्सेमा भने नेपाली सेनाले जितेको छ ।



राष्ट्रिय खेलकुद परिषद्का प्रमुख तेक्वान्दो प्रशिक्षक नवीन श्रेष्ठले प्रहरीका निशा दर्नाल महिला र कमल श्रेष्ठ एकल पुम्सेमा विजयी भएका बताउनुभयो । महिलातर्फ सेनाकी स्वतिका तामाङ दोस्रो, प्रदेश नं १ की सुशीला राई र गण्डकीकी अर्पण अधिकारी तेस्रो भएका छन् । पुम्से एकल पुरुषमा लुम्बिनीका युवराज राना द्वितीय, गण्डकीका आयुष गुरुङ र प्रदेश नं १ का विवेक राई तेस्रो भए ।

पुम्से पियरमा प्रहरीका निशा दर्नाल र अस्मिन राउत प्रथम, सेनाका दीपेन्द्र गुरुङ र प्रशन्ना क्षेत्री दोस्रो, गण्डकीका आयुश गुरुङ र अर्पणा अधिकृत तथा प्रदेश नं १ का विवेक राई र सुविक्षा राई तेस्रो भएका छन् ।

पुरुषको टिम पुम्सेमा पुलिसका प्रेमबहादुर लिम्बू, जितबहादुर भाट र कमल श्रेष्ठ प्रथम, सेनाका दीपेन्द्र गुरुङ, राजन रिमाल, रामकुमार पोखरेल द्वितीय, गण्डकीका टार्जन कायत मगर, तिलक सिउथानी मगर र युकेश थापामगर तथा सशस्त्र प्रहरीका सिर्जन श्रेष्ठ, नोर्वु मोक्तान र योवन दाहाल तेस्रो भए ।

टिम पुम्से महिलामा सेनाका स्वतीका तामाङ, निता गुरुङ, प्रशन्ना क्षेत्री प्रथम, पुलिसका निशा दर्नाल, सीता तामाङ, मोनिका रम्तेल द्वितीय, सशस्त्र प्रहरीका मोनिका मगर, स्मृति नेपाली र चन्दा शाही तथा प्रदेश नं १ का मनिषा विश्वकर्मा, शान्ति राई र सुशीला राई तेस्रो भए । तेक्वान्दोको पुम्मे विधातर्फको सबै खेल सकिएको राखेपका प्रमुख तेक्वान्दो प्रशिक्षक श्रेष्ठले बताउनुभयो ।

गेरोगीतर्फ शनिबार महिलाको ५३ र पुरुषको ५८ केजी तौल समूहको पहिलो चरणको खेल सकिएको छ । महिलाको ५३ केजी तौल समूहबाट सेनाका गीता कडायत, लुम्बिनी प्रदेशका निलिमा मल्ल, प्रहरीका आयुशा लामा र सशस्त्र प्रहरीका अस्मिता खड्का क्वाटरफाइनलमा प्रवेश गरेका छन् ।

पुरुष ५८ केजी तौल समूहबाट मधेस प्रदेशका सोव अख्तर, बागमतीका रेहन केसी, पुलिसका सुवासचन्द्र बोहोरा र सेनाका लोकबहादुर राउत क्वाटरफाइनल प्रवेश गरेका छन् । राष्ट्रिय खेलकुद परिषद्ले आयोजना गरेको प्रतियोगिता कात्तिक २ गतेसम्म सञ्चालन हुनेछ । सातवटा प्रदेश, तीनवटा विभागीय र गैरआवासीय नेपाली सङ्घ (एनआरएनए)का तीन सय ३० खेलाडी सहभागी भएको जिल्ला खेलकुद विकास समितिले जनाएको छ । समितिका प्रशिक्षक कर्ण प्रधानले २२ वटा इभेन्ट्सका खेल हुने जानकारी दिनुभयो । स्वर्ण र कास्य २२-२२ तथा ४४ वटा रजत पदकका लागि प्रतिस्पर्धा हुनेछ ।

**करातेको स्वर्ण एपिएफ र पुलिसलाई**

पर्वत- नवौँ राष्ट्रिय खेलकुदअन्तर्गत पर्वतको कुश्मामा भइरहेको करातेको पहिलो 'इभेन्ट' का रूपमा पुरुषको एकल काता र महिला एकल काताको प्रतिस्पर्धा सम्पन्न भएको छ । शनिबार अबेर सम्पन्न भएको पुरुष एकल कातामा सशस्त्र प्रहरी बलका स्वर्णिम मानन्धरले स्वर्ण पदक हात पार्नुभएको छ । बागमती प्रदेशका रेहान जावेदले रजत, प्रदेश नं १ का आशिष मगर र नेपाल प्रहरीका महसुस तामाङले कास्य पदक हात पार्नुभएको हो ।

त्यस्तै महिला एकल कातातर्फ नेपाल प्रहरीका चन्चला दनुवारले स्वर्ण, नेपाली सेनाका सङ्गीता मगरले रजत, कर्णाली प्रदेशका एलिसा रास्कोटी र सुदूरपश्चिम प्रदेशका वर्षा साउदले कास्य पदक हात पार्नुभएको छ । पुरुष समूह काता र महिला समूह काताका प्रतियोगिता भने शनिबार साँझसम्म सम्पन्न हुने राष्ट्रिय कराते महासङ्घका प्रचार प्रमुख गजेन्द्र खपाङ्गीले जानकारी दिनुभयो । उहाँका अनुसार आज बिहान ८ बजेदेखि अन्य प्रतिस्पर्धाअन्तर्गतका प्रतियोगिता हुनेछन् । यसमा महिला ५५ केजी, पुरुष ७५ केजी, महिला ६१ केजी, र पुरुष ८४ केजीभन्दा माथिको तौल समूह गरी चारवटा खेल हुनेछन् । यी समूहको सेमिफाइनल र फाइनल खेल दिउँसो १ बजेपछि सुरु हुनेछन् ।

असोज ३१ गते पुरुष ६० केजी, महिला ६८ केजीभन्दा माथि, पुरुष ६७ केजी र महिला ६८ केजीभन्दा तल र पुरुष ८४ केजीभन्दा तलको तौल समूहमा प्रतिस्पर्धा हुनेछन् । यी विधाको सेमिफाइनल र फाइनल खेल सोही दिनको दिउँसो १ बजेपछि खेलाउने तयारी छ । कात्तिक १ गते महिला ४५ केजी, पुरुष ५५ केजी, महिला ५० केजी र पुरुष ५० केजी तौल समूह गरेर चारवटा 'इभेन्ट' मा खेल हुनेछन् । यी समूहका खेलको सेमिफाइनल तथा फाइनल खेल पनि दिउँसो १ बजेपछि हुनेछन् ।

आउँदो कात्तिक २ गते पुरुष टिम कुमुते (सामूहिक फाइट) र महिला कुमुते ' इभेन्ट' मा खेल हुनेछन् । टिम कुमुतेको सेमिफाइनल र फाइनल खेल दिउँसो १ बजे सुरु हुनेछन् । करातेका मुख्य सहायक प्रशिक्षक तथा प्रतियोगिताका सदस्य दीपक श्रेष्ठका अनुसार नवौँ राष्ट्रिय खेलकुद प्रतियोगितामा समावेश कराते ५३औँ राष्ट्रिय कराते प्रतियोगिता हो ।

महिला र पुरुषका काता र विभिन्न तौल समूह गरी कुल १९ 'इभेन्ट' मा खेल हुनेछ । ती 'इभेन्ट' बाट खेलाडीले ३२ स्वर्ण, ३२ रजत र ६४ कास्य गरी कुल एक सय २८ पदक प्राप्त गर्नेछन् । कराते सात प्रदेश, सेना, सशस्त्र प्रहरी र प्रहरी गरेर तीन विभागीय तथा एनआरएनएको एक टोली गरेर ११ समूह दुई सय ९० खेलाडीले प्रतिस्पर्धा गर्दैछन् ।रासस

# आर्मीका दीपक अधिकारीले राष्ट्रिय कीर्तिमानसहित स्वर्ण पदक

पोखरा । नवौँ राष्ट्रिय खेलकुद प्रतियोगिता अन्तर्गत एथलेटिक्सको पुरुष १० हजार मिटर दौडमा विभागीय टोली त्रिभुवन आर्मी क्लबका दीपक अधिकारीले राष्ट्रिय कीर्तिमानसहित स्वर्ण पदक जितेका छन् ।

पोखरा रङ्गशालामा आइतबार भएको खेलमा उनले ३० मिनेट १० दशमलव ३० सेकेन्डमा निर्धारित दूरी पार गर्दै स्वर्णपदक जितेका हुन् । दीपकले एपीएफ क्लबका गोपीचन्द्र पार्कीको कीर्तिमानलाई तोड्दै नयाँ कीर्तिमान कायम गरेका हुन् । यसअघि गोपीचन्द्रको नाममा ३० मिनेट ३० दशमलब ९९ सेकेन्डको कीर्तिमान थियो ।



सोही स्पर्धामा गोपीचन्द पार्कीले निर्धारित दूरी ३० मिनेट ३८ दशमलव ३० सेकेन्डमा पूरा गर्दै रजत पदक प्राप्त गरे । सोही स्पर्धामा आर्मीकै गजेन्द्र राई तेस्रो भए । उनले निर्धारित दूरी ३० मिनेट ४९ दशमलव ५० सेकेन्डमा पूरा गरेका थिए ।

त्यस्तै एथलेटिक्सको चार सय मिटर महिला हर्डल्समा त्रिभुवन आर्मी क्लबकी जयरानी थारुले राष्ट्रिय कीर्तिमानसहित स्वर्ण पदक जितेकी छिन् । उनले निर्धारित दूरी एक मिनेट ०४.१३ सेकेन्डमा पूरा गर्दै कीर्तिमानसहित स्वर्ण पदक जितेकी हुन् । आफ्नै नामको कीर्तिमान सुधार गरेकी जयरानीले यसअघि ४४औँ राष्ट्रिय एथलेटिक्स प्रतियोगितामा एक मिनेट ०७ दशमलब दुई सेकेन्डको कीर्तिमान बनाएकी थिइन् ।

सोही स्पर्धामा एपीएफकी भागीरतीकुमारी थारुले एक मिनेट छ दशमलव छ सेकेन्डमा पूरा गर्दै रजत पदक जितिन् भने एपिएफकै कल्पना श्रेष्ठले एक मिनेट ०६दशमलव ५१ सेकेण्डको समय निकाल्दै कास्य पदक हात पारिन् । विभागीय त्रिभुवन आर्मी क्लबका खगिता सिञ्जाली मगर र सूर्यबहादुर खत्रीले नवौँ राष्ट्रिय खेलकुदअन्तर्गतको हाइजम्पमा स्वर्ण जितेका छन् ।

खगिताले महिलातर्फ तथा सूर्यले पुरुषतर्फ स्वर्ण पदक जितेका हुन् । सूर्यले एक दशमलव९० मिटर जम्प गर्दै स्वर्ण जित्दा बागमतीका निकेश महतोले एक दशमलव७५ मिटर जम्प गर्दै रजत जिते । पुलिसका रोशन दनुवारले पनि एक दशमलव ७५ मिटर जम्प गर्दै कास्य जित्न सफल भए ।महिलातर्फ खगिता सिञ्जाली मगरले एक दशमलव५२ मिटर जम्प गर्दै स्वर्ण पदक जितिन् । आर्मीकै विन्दु थनेतले एक दशमलव ५० मिटर जम्प गर्दै रजत जितिन् । गण्डकीकी सिमा श्रेष्ठले एक दशमलव४२ मिटर जम्प गर्दै कास्य जितिन् ।रासस

# बस दुर्घटनामा बीसको मृत्यु

**एएनआई**

बोगोटा । दक्षिणपश्चिम कोलम्बियाको पान-अमेरिकन राजमार्गमा शनिबार बस पल्टिँदा कम्तीमा २० जनाको मृत्यु हुनुको साथै अन्य १५ जना घाइते भएका प्रहरीले जनाएको छ ।

कोलम्बियाको दक्षिणपश्चिमी सहर पास्टो र पोपायनमा उक्त दुर्घटना भएको हो । यो कोलम्बियाको दक्षिणपश्चिमी कुनामा रहेको तुमाकोको बन्दरगाह सहर र उत्तरपूर्वमा तीन सय २० किलोमिटर टाढा रहेको क्यालीको बीचमा यात्रा गरिरहेको डेली सबाले जनाएको छ । 'दुर्भाग्यवश, हामीसँग २० जनाको मृत्यु भएको छ,' नारिनो विभाग ट्राफिक प्रहरीका क्याप्टेन अल्बर्टल्याण्ड अगुडेलोले बताउनु भएको छ । यस दुर्घटनाको अनुसन्धान भइरहेको छ कि यो अगुडेलोले बताउनु भएको छ ।

कुहिरोको कारण चालकले नियन्त्रण गुमाएका एक प्रारम्भिक समाचारमा जनाइएको छ । प्रहरी र दमकल विभागका उद्धारकर्मीहरूलाई गाडीलाई सीधा राख्न, घाइतेहरूलाई बाहिर निकाल्न र मृतकहरूलाई उद्धार गर्न नौ घण्टा लागेको, अल जजीराले जनाएको छ ।

# बाढीको विनाशपछि पाकिस्तान पुनःनिर्माणको महत्वपूर्ण चरणमा

**सिन्ह्वा**

इस्लामावाद । जलवायु परिवर्तनले गर्दा आएको विनाशकारी बाढीपछि पुनःप्राप्तिको बाटोमा अघि बढिरहेको बेला पाकिस्तान अहिले एक नाजुक घडीमा उभिएको पाकिस्तानी प्रधानमन्त्री शाहबाज सरिफले विश्व खाद्य दिवसको अवसरमा बताउनु भएको छ ।

विश्वव्यापी भोकमरी, कुपोषण र सबैका लागि खाद्य र पोषण सुरक्षा सुनिश्चित गर्न सामूहिक कार्यको आवश्यकताबारे चेतना जगाउने उद्देश्यले यो दिवस मनाइदै आएको प्रधानमन्त्रीले आइतबार जारी गरेको विज्ञप्तिमा भन्नुभएको छ ।

यस वर्षको नारा 'कसैलाई पछाडि नछोड्नुहोस'ले हामीलाई गरिबी र भोक अन्त्य गर्न सामूहिकरूपमा सङ्घर्ष गर्न, हामीले छनौट गर्ने खाना र त्यसको उपभोग गर्ने तरिकाले हाम्रो, स्वास्थ्य र हाम्रो ग्रहलाई असर गर्छ भन्ने महसुस गराउँछ," उहाँले भन्नुभएको छ ।



शरीफले भने कि यस वर्षको मनसुनमा विनाशकारी बाढीले पाकिस्तानमा तीन करोड ३० लाखभन्दा बढी मानिसलाई असर गरेको छ र यसले पशुधन, खडा बाली र अत्यावश्यक पूर्वाधारको क्षति गरेको छ ।

पाकिस्तानको कृषि क्षेत्रको क्षति विश्वभरि पनि महसुस हुने बताउँदै उनले बाढीले नष्ट पारेको कपास, चामलको विश्वको शीर्ष उत्पादक र निर्यातकर्तामध्ये पाकिस्तान रहेको बताउनुभएको छ ।

परिस्थिति निस्सन्देह धेरै चुनौतीपूर्ण छ, यद्यपि, पाकिस्तान गरिबी अन्त्य गर्ने, स्वास्थ्य, शिक्षामा सुधार गर्ने र आर्थिक वृद्धिलाई प्रोत्साहित गर्ने संयुक्त राष्ट्रसंघको दिगो विकास लक्ष्य प्राप्त गर्न पूर्णरूपमा प्रतिबद्ध छ," प्रधानमन्त्रीले भन्नुभएको छ ।

# रुसी सैन्य स्थलमा 'आतङ्कवादी हमला' एघारको मृत्यु, पन्ध्र घाइते

**एएनआई**

मस्को । बेल्गोरोड क्षेत्रमा रुसी सैन्य स्थलमा शनिबार भएको आतङ्कवादी हमलामा परी कम्तीमा ११ को मृत्यु हुनुका साथै १५ जना घाइते भएका छन् ।

युक्रेननजिकैको रुसी सेनाको सैन्य स्थलमा दुई स्वयंसेवी सैनिकले अन्य सेनामाथि गोली हानेका रुसी रक्षा मन्त्रालयले जनाएको छ ।


मन्त्रालयले एक विज्ञप्तिमा उक्त गोलीबारी युक्रेनसँग सीमा जोडिएको दक्षिणपश्चिमी रुसको बेल्गोरोड क्षेत्रमा भएको जनाएको छ । अज्ञात भूतपूर्व सोभियत राष्ट्रका दुई स्वयंसेवकले लक्ष्य अभ्यासको क्रममा अन्य सैनिकलाई गोली हाने र जवाफी गोली प्रहारमा मारिए जनाइएको छ । मन्त्रालयले यस घटनालाई आतङ्कवादी हमला भनेको छ ।

रूसी रक्षा मन्त्रालयलाई उद्धृत गर्दै तास समाचार समितिले पश्चिमी सैन्य जिल्लामा प्रशिक्षण सत्रको क्रममा शनिबार आक्रमण भएको हो । बन्दुकधारी पूर्वसोभियत राज्यका थिए । रुसी अधिकारीले उक्त हमलालाई आतङ्कवादी कार्यको संज्ञा दिएका छन् ।

# सीमा क्षेत्रका व्यवसायीको गुनासो

बेलहिया । खुल्ला सिमानाको फाइदा उठाउँदै चोरी तस्करी बढ्दासमेत स्थानीय प्रशासनले नियन्त्रणमा पहल नगरेको भन्दै सीमा क्षेत्रका व्यवसायीले गुनासो प्रशासनको आलोचना गरेका छन् ।

उद्योग व्यापार सङ्गठन, रूपन्देहीको १५औं वार्षिक साधारणसभामा सिद्धार्थ उद्योग वाणिज्य सङ्घका पूर्वध्यक्ष ओमकार गौचनले खुलेआम चोरी तस्करी भइरहदा पनि प्रहरी प्रशासनले नियन्त्रणमा पहल नै नगरेको बताउनुभयो ।



गौचनले सीमापारी सुनौलीमा चाडपर्वका बेला करोडौंको व्यापार हुँदा सीमावारी नेपाली बजार भैरहवा क्षेत्रका व्यवसायीले मारमा परेको बताउनुभयो । उहाँले अब यस्तै अवस्था रहने हो भने केही दिनमै सयौं व्यावसायिकको व्यवसाय बन्द हुने पनि बताउनुभयो । ८० वर्षीय गौचनले वर दशकको व्यावसायिक जीवनमा सबैभन्दा बढी चोरी तस्करी यतिबेला भइरहेको भन्दै स्थानीय प्रहरी प्रशासनको चर्को आलोचनासमेत गर्नुभएको हो । उहाँले भन्नुभयो, "सीमापारीबाट जे सामान ल्याए पनि कुनै रोकतोक गर्रिंदैन । सीमावारी भैरहवाको व्यापार चौपट भएको छ । अरु केही नगरे पनि भन्सारको सङ्क्षिप्त प्रज्ञापनपत्र भरेर मात्रै ल्याउने व्यवस्था गरौं ।"

कार्यक्रममा उद्योग व्यापार सङ्गठन रुपन्देहीका निवर्तमान अध्यक्ष नारायणप्रसाद भण्डारीले सीमावर्ती क्षेत्रमा प्रहरी प्रशासनले कडाइ नगर्ने हो भने भैरहवाका धेरै पसल बन्द गर्नुपर्ने बाध्यता रहेको बताउनुभयो । उहाँले भन्नुभयो,"मान्छे सीमापारी जान रोक्न सकिँदैन तर, सीमापारीबाट भन्सार नगरेको सामान रोक्न, नियन्त्रण नगरेर प्रशासन रमिते बनेर बसेको छ ।"

भण्डारीले कानुनअनुसार सङ्क्षिप्त प्रज्ञापनपत्र नभरी सामान नेपाल ल्याउन नपाइने प्रणालीलाई लागू गर्नसमेत माग गर्नुभयो । जिल्लाको मर्चवार, केवटलिया, पीपरिहिया, भगवानपुर, चनौली बगाह, कालिदह, बगौंली, चन्नी, करौंता, थुमुहवा पीपरहवा, मुडुलालगायतका नाकाबाट दैनिक चोरी तस्करी गरेर दाल, तेल र चामललगायतका सामान भित्रिरहेका छन् । भैरहवा मूल भन्सार नाका अगाडिबाट घरायासी समान भन्दै दिनहुँ हजारौं मानिसले भन्सार नतिरी सामान ल्याउने गरेको ब्यवसायिहरुको भनाइ छ ।

कार्यक्रमका प्रमुख अतिथि नेपाल चेम्बर अफ कमर्सका केन्द्रीय अध्यक्ष राजेन्द्र मल्लले मुलुकलाई आत्मनिर्भर बनाउन सीमा क्षेत्रमा हुने चोरी तस्करी नियन्त्रण गर्नुपर्नेमा जोड दिनुभयो । उहाँले भन्नुभयो, "सरकारले निजी क्षेत्रलाई हेर्ने दृष्टिकोण सकारात्मक हुनुपर्छ ।"

प्रमुख जिल्ला अधिकारी भरतमणि पाण्डेले सीमापारी किनमेलको जाने मानिस रोक्न नसकिँने बताउँदै व्यवसायीको सुझाव र गुनासोलाई आत्मसात गर्दै सुरक्षा सतर्कतामा विशेष ध्यान दिने बताउनुभयो ।

उहाँले भन्नुभयो, "हामीले राजस्व चुहावट नियन्त्रणका लागि सुरक्षागस्ती बढाउने, घरायासी प्रयोजनका लागि भारतीय बजारमा जाने संस्कारलाई निरुत्साहित गर्ने काम अगाडि बढाउने, सीमापारीबाट भन्सार नगरी ल्याएको समान खरिद गर्ने प्रचलनलाई रोक्नुपर्दछ ।"उद्योग व्यापार सङ्गठन, रूपन्देहीका अध्यक्ष अनिलकुमार ज्ञवालीले सीमा क्षेत्रका व्यापारी सीमा क्षेत्रको चोरी तस्करीका कारण मारमा परेको बताउनुभयो । रूपन्देही जिल्लाको उद्योगी व्यवसायीको क्रियाशील सक्रिय रहेको उद्योग व्यापार सङ्गठनमा जिल्लाका करिब पाँच हजार व्यवसायी दर्ता रहेका छन् । कार्यक्रममा सङ्गठनको स्तरवृद्धिमा अतुलनीय योगदान पुऱ्याएका छ जनालाई सम्मान गरिएको थियो ।रासस

# खानेपानी आयोजनाको पाइप बिच्छ्याउन सुरु

तनह । व्यास नगरपालिका-१ भादगाउँस्थित मादीनदी लिफ्ट खानेपानी आयोजनाको खानेपानी पाइप बिच्छ्याउने कार्य सुरु गरेको छ । वडामा कूल ५२ किलोमिटर दूरीमध्ये हाल सात किलोमिटर दूरीमा पाइप बिच्छ्याउने कार्य सम्पन्न भएको छ । करिब तीन फिट गहिरो खाडल खनेर पाइप पुर्ने कार्यका लागि जनशक्ति परिचालन गरिएको भादगाउँ खानेपानी तथा उपभोक्ता संस्थाका व्यवस्थापक ईश्वर श्रेष्ठले जानकारी दिनुभयो ।

व्यास नगरपालिका-४ को मादी नदी किनारबाट करिब पाँच किलोमिटर दूरीबाट पानी ल्याएर वडावासीलाई पानी वितरण गर्ने योजना रहेको छ । व्यास नगरपालिका-१ को अमिली भञ्याङमा चार लाख लिटर मुख्य ट्याङ्की र सोही वडाको भद्रुडाँडामा पचास हजार लिटर क्षमताको गरी दुई वटा रिर्जभ ट्याङ्की निर्माणकार्य भइरहेको छ ।

समितिले ट्याङ्की निर्माणको लागि करिब पाँच रोपनी जग्गा प्रयोगमा ल्याएर काम थालेको छ । रिजर्भ ट्याङ्कीको भूइँ ढलान गर्ने कार्य दसैंअघि सम्पन्न गरी अहिले आरसीसी पर्खाल लगाउन थालिएको छ । मादी नदीबाट प्रतिसेकेण्ड २६ लिटर पानीको क्षमता रहने प्राविधिकले बताएका छन् ।

पानी धान्न सक्ने किसिमको फिल्टर प्लान्ट निर्माण गरिनेछ । व्यवस्थापक श्रेष्ठले भन्नुभयो,"मुख्य प्लान्टको कार्य सकिएपछि तिहारपछि मादीनदी किनारमा लिफ्ट क्षेत्रको काम गरिने छ ।" खानेपानी तथा ढल व्यवस्थापन विभागबाट छनोट भई बोलपत्रदाताले पेस गरेको ठेक्का कबोल खानेपानी आपूर्तितर्फ रु १५ करोड २४ लाख ३६ हजारमा सम्झौता भएको हो । उपभोक्ताबाट सङ्कलित पाँच प्रतिशत अर्थात् रु एक करोड ३१ लाख खातामा जम्मा गरिसकेपछि मात्रै आयोजनाको सम्झौता भएको संस्थाका अध्यक्ष चिजबहादुर दरैले बताउनुभयो ।

नेपाल सरकारको ७० प्रतिशत र भादगाउँ खानेपानी संस्थाको ३० प्रतिशत लगानीमा आयोजना सम्पन्न गर्ने लक्ष्य छ । विसं २०८० भदौभित्र आयोजना निर्माण सम्पन्न गर्ने गरी सम्झौता भएको हो । विसं २०५६ मा उक्त खानेपानी संस्था स्थापना भई ५२ वटा सार्वजनिक धाराबाट सुरुआत गरेको संस्थाले हालसम्म दुई हजार ६०० बढी निजी धारा जडान गरी पानी वितरण गर्दै आएको छ ।रासस

# 'सोल्टी वेस्टइन्ड रिसोर्ट' चितवनमा सञ्चालनमा

चितवन । सोल्टी समूहको चौथो होटल चितवनको पटिहानीमा सञ्चालनमा आएको छ । रिभर साइड रोयल गार्डेन रिसोर्ट प्रालिले निर्माण गरेको होटल सोल्ट्री समूहको व्यवस्थापनमा आजबाट औपचारिकरूपमा सञ्चालनमा आउने भएको हो ।



सोल्टी वेस्टइन्ड रिसोर्ट पटिहानीका नाममा सञ्चालन हुन लागेको हो । भरतपुर महानगरपालिका-२२ स्थित चितवन राष्ट्रिय निकुञ्ज नजिक राप्ती नदी तटीय क्षेत्रमा होटल रहेको छ। सोल्टी होटल समूहका उपाध्यक्ष सुदर्शन चापागाईंले सोल्टीको व्यवस्थापनमा चौथो होटल औपचारिक शुभारम्भ गर्न लागेको जानकारीदिनुभयो। सोल्टीकोपहिलो द सोल्टी काठमाडौं, दोस्रो सोल्टी वेस्ट इण्ड प्रिमियर नेपालगञ्ज, तेस्रो सोल्टी वेस्ट इण्ड इटहरी सञ्चालनमा छन् ।

उहाँका अनुसार ५६ वर्षदेखि हस्पिटालिटी क्षेत्रमा प्राप्त अनुभवलाई राष्ट्रिय र अन्तर र्राष्ट्रियस्तरमा विस्तार गर्ने योजनाका साथ व्यवस्थापन विस्तारको काम थालिएको बताउनुभयो । नेपालका अन्य पर्यटकीयस्थलमा पनि सोल्टीले आफ्नो लगानी एवं व्यवस्थापन गर्ने योजना बनाएको उहाँले जानकारी दिनुभयो ।पाँचतारे सुविधा दिने यो रिसोर्ट नेपालका व्यवसायीको रु एक अर्ब लगानीमा निर्माण गरिएको हो । रिसोर्ट सञ्चालन समितिका अध्यक्ष कल्याण जोशीका अनुसार होटलको व्यवस्थापन सोल्टीले गर्ने भएको हो । रिसोर्टमा १० अत्याधुनिक भिल्ला छन् । यीबाहेक दुई सुपरियर भिल्ला र ४० डिलक्स कोठा छन् ।

पाँच सय जना अट्ने एउटा, एक सय ५० जना अट्ने दुई, ७५ जना अट्ने तीन र २५ जना अट्ने दुई हलसमेत छन् । रेष्टुरेन्टमा एकपटकमा तीन सय जनाले बसेर खान सक्ने सुविधा छ । छुट्टै दुई सय ५० जना अट्ने सुविधासम्पन्न बार पनि छ । यससँगै हेल्थ क्लब रहने छ ।

बगैंचा र पौडी पोखरी पार्टीका लागि व्यवस्थित बनाइएको छ । पाँच बिघा जमिनमा निर्मित रिसोर्ट नजिकै विदेशी पर्यटकलाई लक्ष्य गरी बनाइएको हात्ती चढेर सामुदायिक वन घुम्ने सुविधा छ । टाढैबाट हेर्दा आकर्षक देखिने न्यूजील्याण्डको टायल डेक्राको छानो होटलमा छ । धेरै जमिन भएकाले तरकारी, फलफूल आफैं उत्पादन गरिने छ । यहाँ आउने पर्यटक हात्ती चढेर सामुदायिक वन घुम्ने, निकुञ्जभित्र जीप सफारी, पैदलयात्रा गर्ने, गाडीमा सफारी गर्ने, राप्ती नदीमा डुङ्गा सयर गर्ने, थारू कला संस्कृतिमा रमाउने गर्न सकिने उहाँको भनाइ छ।

यससँगै पर्यटकका लागि थारू जातिको परम्परागत परिकार चिचर, घोगी, हाँस खाएर रमाउन पाउने उहाँले बताउनुभयो । शुभारम्भका अवसरमा कोठामा २० प्रतिशत र फुड एण्ड वेभरेजमा १५ प्रतिशत छुटसमेत रहेको छ ।रासस

# मोवाइल एप सार्वजनिक

**टुडे समाचारदाता**

काठमाण्डु । नेपालकै सर्वाधिक विश्वासिलो जीवन वीमा कम्पनी नेपाल लाइफ इन्स्योरेन्सले एन्ड्रोइड र एप्पल फोन (iOS)का लागि नयाँ मोबाइल एप्लिकेसन सार्वजनिक गरेको छ ।

यस इन्स्योरेन्सको प्रधान कार्यालय कमलादी, काठमाण्डुमा आयोजित एक विषेश समारोहकाबीच यस इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुलीले मोवाइल एप्लिकेसनलाई डाउनलोड गरीउक्त एपलाई सार्वजनिक गरेका छन् ।




परिस्कृत र नयाँ सुविधाहरूसहित सार्वजनिक गरिएको मोबाइल एप्लिकेसन एप स्टोरबाट डाउनलोड गर्न सकिने छ । ग्राहक र अभिकर्ता दुबैले एउटै एप्लिकेसन मार्फत लाभ लिन सक्नेछन् ।

सर्वप्रथम एपलाई एप स्टोर वा प्लेस्टोरबाट डाउनलोड गरी आफ्नो रजिस्टर्ड फोन नम्बरको माध्यमबाट आफूलाई रजिस्टर गरी लग इन गर्न सकिने छ । आफू अभिकर्ता वा वीमित छनौट गरी आफ्नो प्रोफाइल एड गर्न सकिने छ । एप्लिकेसनमा एकै जनाको एक भन्दा बढी वीमालेख भएमा सबैलाई लिस्ट गर्न सकिने छ ।

आफ्नो वीमालेख प्रोफाइलमा एड गरे पश्चात आफ्नो वीमासंग सम्बन्धित सम्पूर्ण जानकारी एकै ठाँउमा सरल तथा सहजतवरले प्राप्त गर्न सकिने कुरा इन्स्योरेन्सले जनाएको छ ।

साथै एपमा अन्य सुविधाहरुको रुपमा प्रिमियम हिसाब, वीमा योजनाको जानकारी, शाखा तथा उपशाखाहरुको स्थान तथा सम्पर्क नम्बर तथा यस इन्स्योरेन्सले सार्वजनिक गरेको जानकारीमूलक, तथा मनोरन्जनात्मक श्रब्य दृश्य सामग्रीहरु पढ्न तथा हेर्न सकिने छ ।

हाल इन्स्योरेन्सले ल्याएको एपलाई समयानुकूल स्तरवृद्धि गर्दै ग्राहकलाई जीवन वीमा सम्बन्धी सम्पूर्ण सुविधाहरु चुस्त दुरुस्त तरिकाले एकद्वार नीतिको अवलम्वन गर्दै सेवा प्रवाह गर्ने प्रतिवद्धता नेपाल लाइफ इन्स्योरेन्सका प्रमुख कार्यकारी अधिकृत प्रवीण रमण पराजुलीले बताए ।

सूचना प्रविधिमा आएको आमूल परिवर्तन र भूमण्डलीकरणको बढ्दो आकर्षणले संसारलाई साँघुरो बनाउदै गर्दा सूचना प्रविधिको विकाशक्रम संगसँगै नेपाल लाइफका विभिन्न सेवा तथा सुविधाहरुलाई ग्राहक तथा अभिकर्ता समक्ष सहज, सुरक्षित एवं प्रभावकारी रुपमा उपलब्ध गराइ कम्पनीको डिजिटल रुपान्तरणको लक्ष्य हासिल गर्न यो कदम फलदायी हुने कुरा यस इन्स्योरेन्सका प्रमुख सूचना प्रविधि अधिकृत शरद चन्द्र प्याकुरेलले बताए ।

यस एपलाई ग्राहक तथा अभिकर्ताहरुको आवश्यकता अनुरुप क्रमश थप परिस्कृत तथा विकसित गर्दै लैजाने विषयमा नेपाललाइफ प्रतिवद्ध रहने छ ।



## Invitation for Electronic Bids

**Ganeshman Charnath Municipality**
**Office of the Municipal Executive**
**Birendra Bazzar ,Dhanusha**

**Bid Publication date: 2079-06-31**

1. The Ganeshman Charnath municipality,Office of the municipal executive, Birendra Bazzar, Dhanusha invites electronic bids from eligible bidders for the procurement of Goods and Construction works under National Competitive bidding procedures specified in Public Procurement Act and Regulations as mentioned in the table below.
2. Eligible Bidders may obtain further information and inspect the bidding documents at the office of Ganeshman Charnath Municipality, Office of Municipal Executive, Birendrabazar, Dhanusha or may visit e-GP system: www.bolpatra.gov.np/egp.
3. Bidding documents is available online and can be downloaded from e-GP system: www.bolpatra.gov.np/egp. Interested bidders shall register in the e-GP system and deposit the cost of bidding document in the following bank.
   **Name of the Bank:** Machhapuchhare Bank **Name of Office:** Ganeshman Charnath Municipality
   **Office Code no. :** 80102119 **Office Account no.:** 0710086327900071
   **Rajaswa (revenue) Shirshak no. :** 14229
4. Interested Bidders shall submit the electronic Bids through www.bolpatra.gov.np/egp to the above office of the Ganeshman Charnath Municipality, Birendrabazar on or before 12:00 noon on 2079-07-30. Bids received after this deadline will be rejected.
5. Bids shall be opened in presence of Bidders' representatives who choose to attend at 14:00 on 2079-07-30 at the office of Ganeshman Charnath Municipality, Birendrabazar, Dhanusha. Bids validity period and bid security amount should be as mentioned in Bid documents. If bidder wishes to submit the Cash Security, the cash should be deposited in the following Account :
   **Name of the Bank:** Machhapuchhare Bank **Name of Office:** Ganeshman Charnath Municipality
   **Office Code no. :**80102119 **Office Account no.:** 0710086327900091 (GMC Sthaniya Tah Dharauti Ga-3)
6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The purchaser reserves the right to accept or reject, wholly or partly any or all the bids without assigning any reason, whatsoever.

| S. N. | Contract Identificaiton No. | Description of Goods/Works | Est. Cost (Exclu. Vat & Contigency) | Bid Security | Bid Price | Remarks |
|---|---|---|---|---|---|---|
| 1 | GCM/NCB/WORKS/03/2079-80 | Construction Of Shree Ma Bi Bharatpur Building, GCM-3 | 15951364.45 | 465000.00 | 3000.00 | |
| 2 | GCM/NCB/WORKS/04/2079-80 | Construction Of Shree Tribhuvan Ma Bi Chispani Building, GCM-5 | - | 780000.00 | 5000.00 | |
| 3 | GCM/NCB/WORKS/05/2079-80 | Construction of Ward Office building, GCM-2 | 7296489.69 | 212000.00 | 3000.00 | |
| 4 | GCM/NCB/WORKS/06/2079-80 | Construction of Ward Office building, GCM-5 | 7296489.69 | 212000.00 | 3000.00 | |
| 5 | GCM/NCB/WORKS/07/2079-80 | Construction of Ward Office building, GCM-6 | 7296489.69 | 212000.00 | 3000.00 | |
| 6 | GCM/NCB/WORKS/08/2079-80 | Construction of Ward Office building, GCM-7 | 7296489.69 | 212000.00 | 3000.00 | |
| 7 | GCM/NCB/WORKS/09/2079-80 | Construction of Ward Office building, GCM-8 | 7296489.69 | 212000.00 | 3000.00 | |
| 8 | GCM/NCB/WORKS/10/2079-80 | Construction of Ward Office building, GCM-9 | 7296489.69 | 212000.00 | 3000.00 | |
| 9 | GCM/NCB/GOODS/11/2079-80 | Procurement of Installation of Tower Light in different ward of Ganeshman Charnalth Municipality | - | 255000.00 | 3000.00 | |
| 10 | GCM/NCB/WORKS/12/2079-80 | Construction of Asphalft road from house to Tilak Gautam to School and from house of Tilak Gautam to Radha Krishna Temple, GCM-6 | 5139363.53 | 150000.00 | 3000.00 | |

**Chief Administrative Officer**

# जनलोकपालमा छानबिन सम्वन्धी सबै भन्दा बढी उजुरी

टुडे समाचारदाता

जनकपुरधाम । मधेश प्रदेश सरकारले भ्रष्टाचार छानबिन गर्नका लागि गठन गरेको जनलोकपाल आयोगमा सबैभन्दा बढी छानबिन गरी कारवाही सम्वन्धी उजुरी परेको छ ।

जनलोकपाल आयोगले आइतवार प्रदेश प्रमुख हरिशंकर मिश्रलाई बुझाएको प्रदेश जनलोकपाल आयोगको पहिलो वार्षिक प्रतिवेदनमा सबैभन्दा बढी उजुरी छानबिन गरी कारवाही सम्वन्धमा ७ उजुरी परेको छ ।

त्यस्तै भ्रष्टाचार तथा अनुचित कार्य गरेकोमा ५, रकम हिनामिना/अनियमितता सम्बन्धमा २ र गलत प्रकृयाबाट छनौट गरिएको संस्थाहरुको सम्झौता र कामकारवाहीलाई तत्काल रोक्का राखी आवश्यक कारवाही सम्बन्धमा १ वटा उजुरीसहित १५ वटा उजुरी परेको छ । यी सबै उजुरी उपर कारवाही प्रक्रियामा रहेको जनलोकपाल आयोगका अध्यक्ष राम सहाय राय यादवले जनाएका छन् ।




जनलोकपाल आयोग अख्तियार दुरुपयोग अनुसन्धान आयोगलाई काउण्टर दिनका लागि गठन गरेको आरोप खेपि सकेका मधेश प्रदेश सरकार जनलोकपालप्रति आम जनताको झुकाव बढ्दै गएको छ । जनलोकपालका अध्यक्ष यादवले प्रदेश जनलोकपाल ऐन, २०७७ को दफा ३१ को उपदफा १ बमोजिम प्रदेश जनलोकपाल आयोगले आर्थिक बर्ष २०७८/०७९ को (२०७८ भदौ २२ देखि २०७९ असार मसान्त सम्म) सम्पादन गरेका कामकारवाहीको वार्षिक प्रतिवेदन पेश गेरका छन ।

मधेश प्रदेश सरकारले जुन अवधारणाका आधारमा जनलोकपाल आयोग गठन गरे, आलोचना खेप्नु पर्‍यो त्यस अनुरुप काम हुन सकेको छैन् । मधेश प्रदेशका ८ वटै जिल्लाबाट अख्तियार दुरुपयोग अनुसन्धान आयोगमा अहिले पनि अधिकांश भ्रष्टाचार सम्वन्धी मुद्दाहरु दर्ता हुने तर, जनलोकपाल आयोगमा जाने गरेका छैनन् । मुख्यमन्त्री लालबाबु राउतले जनलोकपाल आयोग मधेशी जनतालाई राहत र भ्रष्टाचारीहरुको पहिचान गरी अख्तियारलाईनै सहयोग गर्नकालागि गठन गरेको बताउने गरेका छन् । तर, जनलोकपाल जनअपेक्षा पूरा गर्न सकिरहेको छैन् ।

जनलोकपाल आयोगका सदस्य राजकिशोर साहले आयोगसंग वेब साइट नहुनु, जनतामा पर्याप्त सूचना प्रवाह नहुनु, कर्मचारीको कमी लगायतका समस्याका कारण जनअपेक्षा अनुरुप काम हुन नसकेको बताउँछन् । उनी भन्छन्-' जनलोकपाल आयोगसंग नियमावली छैन्, प्रदेश सरकारले ऐनमै नियमावली प्रदेश सरकारले बताउने उल्लेख गरेका कारण आयोगले बनाउन सकेका छैनन् ।' वेब साइट भएको भए त्यसमा कहीबाट पनि उजुरी दिन सक्ने थिए, गत आर्थिक वर्षमा ५ लाख रुपैयाँ पनि विनियोजन गरिएको थियो तर त्यो रकम फ्रिज भएर गएको उनले जानकारी दिए । उनले जनतामा सूचना प्रवाह हुनुपर्ने थियो कि भ्रष्टाचार लगायतसमस्याको समाधान जनलोकपाल आयोगले गर्ने गरेका छन् तर त्यो पनि हुन नसकेको उनले बताए । आयोगका सदस्य साहले कम्तीमा नियमावली र कर्मचारीको समस्या समाधान हुन्थ्यो भने मधेश प्रदेशको उजुरीहरु अख्तियारमा नभइ जनलोकपालमा आउने उनले विश्वास व्यक्त गरे ।

आम जनता समस्या लिएर आउने गरेका छन् तर, समस्या समाधान नहुने गरेका कारण उनीहरुमा निराशा बढेको र उनीहरु अर्को उपाय खोज्न बाध्य हुने गरेको उनले जाानकारी दिए ।

# क्षेत्र नं. ३ मा तीन जना मुख्य प्रतिस्पर्धामा

टुडे समाचारदाता

राजविराज । दुई नगरपालिका र तीन गाउँपालिका रहेको सप्तरीको क्षेत्र नं.३ मा अहिले चुनावी सरगर्मी र उम्मेदवारहरुको दौडधुप बढेको छ ।

यहाँबाट प्रतिनिधिसभा सदस्य पदका लागि सत्तारुढ गठबन्धनजबाट कांग्रेसका केन्द्रीय सदस्य एवं निवर्तमान जिल्ला सभापति दिनेश कुमार यादव साझा उम्मेदवार हुन् । २०७४ को निर्वाचनमा यो क्षेत्रबाट लोसपाका चन्द्रकान्त चौधरी निर्वाचित भएका थिए । लोसपा अहिले सत्ता गठबन्धनमा सहभागी भएको र उक्त गठबन्धनका कांग्रेसका यादव उम्मेदवार बनेकाले चौधरी यस पल्ट चुनावी मैदानमा छैनन् ।



विपक्षी गठबन्धन जसपा-एमालेबाट यहाँ एमालेका जिल्ला अध्यक्षसमेत रहेका ताराकान्त चौधरी प्रतिस्पर्धामा उत्रिएका छन् ।

यहाँ जनमत पार्टीले पूर्व मन्त्री अनिस अंसारीलाई चुनावी प्रतिस्पर्धामा उतारेको छ । यहाँ सत्तारुढ गठबन्धनका साझा उम्मेदवार दिनेश कुमार यादव रहदा पनि गठबन्धन भित्रकै सहयात्री दल लोसपाका लक्ष्मीकान्त मण्डलले पनि उम्मेदवारी दिदाँ यादवलाई केही चुनौती थपिएको आकलन गरिएको छ । यद्यपि, गठबन्धनको सहमति विपरीत मण्डलले उम्मेदवारी दिएका कारण लोसपा अध्यक्ष महन्थ ठाकुरले विज्ञप्ति नै जारी गरी उनी लोसपाका आधिकारीक उम्मेदवार न रहेको र आफूहरुको गठबन्धनका उम्मेदवार प्रति पूर्ण सर्मथन रहेको स्पष्ट पारिसकेका छन् ।

यहाँबाट राष्ट्रिय प्रजातन्त्र पार्टीका गंगाराम ठाकुर, राष्ट्रिय स्वतन्त्र पार्टीका प्रमोद कुमार साह, राप्रपा नेपालका शिवेश्वर यादव, नेमकिपाका मकवुल मियाँ, नेपाली जनता दलका राम बाबु रजक, नेपाल संघीय समाजवादी पार्टीका सीताराम खंग, नेकपाका अचमित लाल चौधरी र हाम्रो नेपाल पार्टीका नवीन कुमार मण्डल पनि चुनावी मैदानमा छन । यस्तै स्वतन्त्रबाट सीताराम मण्डल, रामचन्द्र साह, सुरेन्द्र यादव, महेन्द्र साह, दीपेन्द्र कुमार साह र श्रीकान्त राउतसमेत गरी १८ जना चुनावी प्रतिस्पर्धामा भिड्दै छन ।

तर,मुख्य प्रतिस्पर्धा सत्तारुढ गठबन्धनका उम्मेदवार दिनेश कुमार यादव, विपक्षी जसपा-एमाले गठबन्धनका ताराकान्त चौधरी र जनमत पार्टीका उम्मेदवार अनिस अंसारीबीच नै हुने स्थानीय मतदाताहरुले अनुमान व्यक्त गर्दै आएका छन् ।

आसन्न निर्वाचनलाई तीनै जनाको प्रतिष्ठाको लडाइका रुपमा पनि हेर्न थालिएको छ । यादव ३/३ पटक कांग्रेसको जिल्ला सभापति भइसकेका नेता हुन । चौधरी संविधानसभा सदस्य र अंसारी २ पटक मन्त्री भइसकेका नेता हुन् ।

अघिल्लो निर्वाचनमा जित हासिल पारेका लोसपाका चन्द्रकान्त चौधरीको निटकटम प्रतिद्वन्दी रहेका कांग्रेसका यादव यस पल्ट लोसपासहितको गठबन्धनका साझा उम्मेदवार रहेकाले यस पल्ट जित निकाल्ने एकथरिले अनुमान व्यक्त गरिरहेका छन भने केहीले जसपा-एमाले गठबन्धनका उम्मेदवार चौधरी र जनमतका उम्मेदवार अंसारीलाई पनि कमजोर ठान्न नमिल्ने जिकिर गर्दै आएका छन् ।

यस क्षेत्रमा डाक्नेश्वरी नगरपालिका, शम्भुनाथ नगरपालिका, रुपनी गाउँपालिका, विष्णुपुर गाउँपालिका र राजगढ गाउँपालिका गरी ५ पालिका पर्दछ । हालै सम्पन्न स्थानीयतहको निर्वाचनमा एमालेले २, तथा जसपा, लोसपा र एकीकृत समाजावादी पार्टीले १/१ प्रमुख पदमा जित हात पारेको छ ।

यस क्षेत्रमा ५४ हजार ८ सय ३६ पुरुष, ५० हजार ५० महिला र अन्य ६ हजार गरी कुल १ लाख ४ हजार ८ सय ९२ मतदाता रहेका छन् ।

# चुनावी चहलपहल बढेसँगै व्यवसाय प्रवर्द्धनमा वृद्धि

टुडे समाचारदाता

जलेश्वर । प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचन २०७९ को चहलपहलले महोत्तरीको होटल व्यवसाय फस्टाएको छ । जिल्लाका चार प्रतिनिधिसभा क्षेत्रमा निर्वाचन अधिकृतको कार्यालय स्थापना भएका बजारका होटल केही दिनयता ग्राहकले खचाखच भरिएका छन् । चुनावी चहलपहलको भीडले होटल व्यवसाय प्रवर्द्धन गएको व्यवसायीको भनाइ छ ।

जिल्लाको प्रतिनिधिसभा क्षेत्र नं १ को बर्दिबासमा विभिन्न दल र स्वतन्त्र उम्मेदवारका निर्वाचन परिचालन कार्यालय सञ्चालनमा आएसँगै होटलमा ग्राहकको सङ्ख्या ह्वात्तै बढेको छ ।

बर्दिबासचोकमै सत्ता गठबन्धन, नेकपा (एमाले)-जनता समाजवादी (जसपा) गठबन्धन र स्वतन्त्र उम्मेदवारका कार्यालय सञ्चालनमा आएलगत्तै बजारु चहलपहल ह्वात्तै बढेको नेपाल होटल तथा पर्यटन व्यवसायी सङ्घ महोत्तरीका अध्यक्ष रेवन्त कार्कीको भनाइ छ ।

"निर्वाचन आयोगले बर्दिबासमै निर्वाचन अधिकृतको कार्यालय स्थापना गर्‍यो, सडक यातायातको सहजताले दल र उम्मेदवारले पनि यही नै कार्यालय सञ्चालनमा ल्याए", उनले भने, "यसले चुनावी तयारीको चहलपहल बढेसँगै होटल खचाखच भरिएका छन् ।"

निर्वाचन अधिकृतको कार्यालयसम्बद्ध कामको सम्पर्कमा र दल एवं अन्य उम्मेदवारका कार्यालयमा आउजाउ गर्ने बढेसँगै होटलमा ग्राहक बढेका कार्कीको भनाइ छ । साना-ठूला गरी एक सयको हाराहारीमा होटल रहेका बर्दिबासमा सबै होटल अहिले भरिभराउ देखिँदैछन् ।

उम्मेदवारले निर्वाचन चिन्ह पाएसँगै प्रचार अभियान औपचारिकरूपमा सुरु भएको छ । यस क्रममा जिल्लाका प्रत्येक प्रतिनिधिसभा क्षेत्रका मुख्य बजारमा दल र स्वतन्त्र उम्मेदवारका कार्यालय सञ्चालनमा आएका छन् । बर्दिबासका अतिरिक्त जिल्लाका बलवा, जलेश्वर र रामगोपालपुरमा निर्वाचन अधिकृतको कार्यालय सञ्चालनमा छन् । यिनै ठाउँमा दल र स्वतन्त्र उम्मेदवारले पनि आ-आफ्ना कार्यालय सञ्चालनमा ल्याएपछि चुनाव विशेषको बजारु चहलपहल बढेको हो ।

यसबाहेक जिल्लाका सीतापुर, गौशाला, रौजा, लोहारपट्टि, पिपरा, मटिहानी, मनरा र सम्सीलगायतका मुख्य बजारमा पनि दल र अन्य उम्मेदवारका सम्पर्क कार्यालय सञ्चालन गरिएपछि चुनावी माहोल तात्दै गएको छ ।

"अहिले त दिवाली (तिहार) र छठपर्वको तयारीमा आम सर्वसाधारण रहेका हुँदा चुनावी अभियान जनजन र घरघर पुग्न बाँकी छ", प्रतिनिधिसभा क्षेत्र नं १ कै सीतापुर बजारका कपडा व्यापारी सहवुल अन्सारी भन्छन, "पर्व सकिनासाथ परिवेश निर्वाचनमय बन्नेछ ।" बितेका दुई वर्ष कोरोना सङ्क्रमणले थलिएको व्यापार अब निर्वाचन चहलपहलले केही बौरने आस पालिएको छ ।

बजारमा अहिले मुख्यतः होटलमा बढी भीड देखिएको छ । यससँगै झण्डा, ब्यानर र पर्चापम्प्लेटका लागि कपडा पसल, पेन्टर र प्रेसमा चुनावी प्रयोजनका ग्राहक बढ्दै गएका रामगोपालपुरका सामाजिक-राजनीतिक कार्यकर्ता छठु पटेल बताए ।

निर्वाचन जनजन र घरघर परिचालित हुने 'महापर्व' जस्तै हुने भएको हुँदा यसक्रममा बन्दव्यापार, यातायात, सामाजिक भेटघाट र विकास अवसरका संवादले राम्रो मौका पाउने राजनीतिक कार्यकर्ता जनाए।

यसपाली उम्मेदवारको मनोनयनदेखि निर्वाचन चिन्ह पाउनेसम्मका कार्यक्रम सम्पन्न भएलगत्तै तिहार र छठपर्वको तयारी परेको हुँदा यी पर्वपछि चुनावी माहोल अझ उत्कर्षमा पुग्ने जलेश्वर उद्योग वाणिज्य सङ्घका अध्यक्ष लवराजा सिंहको धारणा छ ।

# महतोसहित ९ जनाको उम्मेदवारीको रिट खारेज

टुडे समाचारदाता

बर्दिवास । महोत्तरीका लक्ष्मी महतो, विजयकुमार गच्छदार, विक्रम पाण्डेलगायत नौ जना उम्मेदवारको उम्मेदवारी खारेजीको माग गर्दै सर्वोच्च अदालतमा परेको रिट खारेज भएको छ ।

न्यायाधीश अनिलकुमार सिन्हाको एकल इजलासले रिट खारेज गरिदिएका छन् ।

अधिवक्ता अनिल आचार्यले विभिन्न फौजदारी मुद्दाका आरोप लागेका नेताहरु प्रतिनिधिसभा चुनावमा उम्मेदवार बनेको भन्दै रिट दिएका थिए ।

उनले महतो, गच्छदार, पाण्डे, प्रभु शाह, गोविन्दराज जोशी, सरिता गिरी, डिबी तामाङ भन्ने युद्धविक्रम तामाङ, टेकबहादुर गुरुङ र गगन भन्ने रेवतीराज पुरीको उम्मेदवारी खारेज गराउन माग गर्दै सर्वोच्चमा रिट दिएका थिए ।

# कारागारका ३८ कैदीबन्दीले मात्र मतदान गर्न पाउने

टुडे समाचारदाता

वीरगञ्ज । १ हजार ४ सय ४१ कैदीबन्दीले भरीभराउ वीरगञ्ज कारागारमा यस पटक ३८ कैदीबन्दीले मात्र मतदान गर्न पाउने भएका छन् ।

अघिल्ला दुई वटा संसदीय निर्वाचनमा कारागारमा रहेका सम्पूर्ण नेपाली कैदीबन्दीले मतदान गर्न पाएका थिए ।

कारागारका चौकीदार दिनेश सोनारले आफूले अघिल्लो दुई संसदीय निर्वाचनमा समानुपातिकतर्फ मतदान गर्न पाएकोमा यसपटक आफूनै मतदानबाट बञ्चित भएको बताए ।

'अघिल्ला निर्वाचनमा हामीले नागरिकता प्रमाणपत्रको आधारमा मतदान गर्न पाएका थियौं,' उनले भने, 'यसपटक भने मतदाता नामावलीमा नाम रहेका कैदीबन्दीहरुलाई मात्र कारागारबाट मतदान गर्न दिने प्रावधान राखिएकाले हामी पनि मतदान गर्नबाट बञ्चित हुने भएका छौं ।'

मतदान गर्न पाउने मध्येका एक कैदी शेष सलिमले आफूले कारागारमा पहिलो पटक मतदान गर्न लागेको बताए । 'कारागारमै भए पनि मतदान गर्न पाउने अवसरबाट मैले बञ्चित हुनु परेन,' उनले भने, 'म खुसी छु, मताधिकारको यहाँबाटै सदुपयोग गर्ने छु ।'

अर्का कैदी किसुनदेव राउत कुर्मीले यस पटक समेत गरी कारागारबाट तेस्रो पटक मतदान गर्न लागेको बताए । 'म कारागार आएको १६ वर्ष भयो,' उनले भने, 'हालसम्म मताधिकारबाट बञ्चित हुनु परेको छैन, सबै कैदीले हामीले जस्तै मतदान गर्ने अवसर नपाएकोमा भने खल्लो लागेको छ ।'

कारागारका जेलर मदन घिमिरेले यसपटक निर्वाचन आयोगले मतदाता नामावली फारम कैदीबन्दी आफैले भर्नुपर्ने प्रावधान राखेको बताए । 'कारागारमा आउनुअघि मतदाता नामावलीमा नाम उल्लेख भएका र मतदाता परिचय पत्र भएकाहरुले सहजै यसरी फारम भर्न पाउने व्यवस्था आयोगले गरेको छ,' उनले भने, 'जति कैदीबन्दीले यस्तो फारम भरेर दिए हामीले उनीहरुको फारम निर्वाचन आयोगमा पठाइदियौं, अन्यले चासो नदिएकाले पनि उनीहरु मतदानको अवसरबाट बञ्चित भएको हुनुपर्छ ।'

*यस पटक कारागारबाट मतदान गर्ने सबै ३८ मतदाता पुरुष कैदीबन्दी नै रहेको उनले बताए। कारागारमा आइतबार कुल १ हजार ४ सय ४१ कैदीबन्दी रहेकोमा तीमध्ये ६७ महिला कैदीबन्दी छन्। कुल कैदीबन्दीमध्ये १ सय ७३ पुरुष र ९ महिला गरी १ सय ८२ विदेशी कैदीबन्दी छन्। त्यसमा धेरैजसो भारतीय रहेका छन्।*

यस पटक कारागारबाट मतदान गर्ने सबै ३८ मतदाता पुरुष कैदीबन्दी नै रहेको उनले बताए । कारागारमा आइतबार कुल १ हजार ४ सय ४१ कैदीबन्दी रहेकोमा तीमध्ये ६७ महिला कैदीबन्दी छन् । कुल कैदीबन्दीमध्ये १ सय ७३ पुरुष र ९ महिला गरी १ सय ८२ विदेशी कैदीबन्दी छन् । त्यसमा धेरैजसो भारतीय रहेका छन् ।

# कटुवा पेस्तोलसहित एकजना पक्राउ

टुडे समाचारदाता

जनकपुरधाम । धनुषाबाट कटुवा पेस्तोलसहित एकजना पक्राउ परेका छन् । जिल्लाको सवैला नगरपालिका-१२ नहर चोकस्थित मैनाथपुर वीरेन्द्रबजार सडकबाट सिरहाको गोलबजार नगरपालिका-७ चोहर्वा का ३५ वर्षीय रामसागर ठाकुर पक्राउ परेका छन् । शनिबार राति प्रहरीले ठाकुरलाई पक्राउ गरेका छन् ।

इलाकाप्रहरी कार्यालय सबैलाबाट खटेको प्रहरी टोलीले प्र २-०१-००२ प ३७२० नम्बरको मोटरसाइकल जाँच गर्ने क्रममा मोटरसाइकलमा सवार राम सागरको साथमा उक्त पेस्तोल भेटिएको थियो।

प्रहरी टोलीलाई देख्नासाथ हातमा बोकेको झोलासहित भाग्न खोजेपश्चात उनलाई नियन्त्रणमा लिइ तलासी गर्दा झोलाभित्र उक्त पेस्तोल फेला पारी उनलाई पक्राउ गरिएको प्रहरीले जनाएको छ । फरार भएका मोटरसाइकल चालकको खोजी भइरहेको धनुषा प्रहरीले जनाएको छ ।

# नेकपा (बहुमत) को चुनाव बहिष्कार सभा



टुडे समाचारदाता

हरिवन । नेपाल कम्युनिष्ट पार्टी (नेकपा) बहुमतले आइतबार सर्लाहीको हरिवनमा चुनाव अवज्ञा अर्थात बहिष्कार जनसभा गरेको छ।

धर्मेन्द्र बास्तोला नेतृत्वको यो पार्टीले मंसिर ४ को निर्वाचन बहिष्कार गर्ने यसअघि नै घोषणा गरिसकेको छ।

कार्यक्रममा नेकपा बहुमतका केन्द्रीय संयोजक धमेन्द्र बास्तोला (कन्चन), नेकपा (क्रान्तिकारी माओवादी) का स्थायी कमिटी सदस्य तथा देशभक्त गणतान्त्रिक मोर्चाका केन्द्रीय अध्यक्ष सीपी गजुरेल, माओवादी कम्युनिष्ट पार्टी नेपालका केन्द्रीय सदस्य तथा प्रदेश संयोजक रोशन रानालगायतले मन्तव्य राखेको कार्यक्रम संचालक एवं पार्टीको सर्लाही जिल्ला इन्चार्ज निर्माणले जानकारी दिए ।

नेकपा (बहुमत) ले सर्लाहीमा आफ्ना गतिविधिसँगै संगठन विस्तारलाई अगाडि बढाइरहेको जनाएको छ ।

# रेडक्रसका सभापति भगत पनि निर्वाचनमा



टुडे समाचारदाता

राजविराज । लामो समय सामाजिक कार्यमा संलग्न रहेका सप्तरीको शम्भुनाथ नगरपालिकाका ७४ वर्षीय जोगेन्द्र भगत यस पटक प्रदेशसभामा उम्मेदवार बनेका छन् ।

राजविराज नगरपालिकामा घर भएका उनी विगत ३ दशकदेखि लगातार नेपाल रेडक्रस सोसाईटी शाखा सप्तरीको सभापतिको जिम्मेवारी वाहन गर्दै आएका छन् । उनी पहिलो पल्ट प्रदेशसभामा उम्मेदवार बनेका छन् । भगत सप्तरीको प्रदेश सभा क्षेत्र नं.३ को 'क' बाट जसपा-एमाले गठबन्धनको तर्फबाट साझा उम्मेदवार भइ चुनावी मैदानमा होमिएका छन् ।

उनले देश र जनताको सेवा वाहेक आफ्नो अन्य कुनै स्वार्थ नरहेको बताउँदै जनताले अवसर प्रदान गर्ने विश्वाससमेत व्यक्त गरेका छन् ।

२८ हजार ४४ पुरुष, २६ हजार २ सय ३ महिला तथा अन्य ३ गरी कुल ५४ हजार २ सय ५० मतदाता रहेको यस क्षेत्रमा शम्भुनाथ नगरपालिकाको १२ मध्ये ११ वडा तथा रुपनी गाँउपालिका र विष्णुपुर गाउँपालिका पर्दछ ।

यसै क्षेत्रमा सत्तारुढ गठबन्धनका तर्फबाट वर्तमान प्रदेशसभा सदस्य नेपाली कांग्रेसका मो.समिम र मनोनयनपत्र दर्ता कै दिन कांग्रेस परित्याग गरी जनमत पार्टी प्रवेश गरेका राम प्रसाद मण्डल पनि जनमत पार्टीबाट चुनावी मैदानमा छन् । यस्तै, नेमकिपाबाट अनमोल यादव, नेकपाका गिरिजा कुमारी चौधरी, बहुजन एकता पार्टी नेपालका जय प्रसाद राम, नागरिक उन्मुक्ति पार्टीका त्रिभुवन चौधरी, राप्रपाका विष्णु चौधरी, राप्रपा नेपालका राम कुमार यादव तथा स्वतन्त्रबाट गनु प्रसाद साह, राजेश प्रसाद यादव, राम कुमार यादव, मो.कादिर, मो.आलम, महेन्द्र प्रसाद चौधरी, संजीव नारायण यादव, पप्पु कुमार यादव र धर्म नारायण साह गरी १८ जना चुनावी प्रतिस्पर्धामा छन् ।

**मुटुलगायत स्वास्थ्य समस्यावाट बच्न**

- चिसोमा बाहिर ननिस्कौं,
- धुम्रपान मद्यपान नगरौं,
- चिल्लो तथा वोसोयुक्त खानेकुरा नखाऔं,
- शारररीक व्यायमलाई निरन्तरता दिऔं,
- मोटोपन, कोलेस्ट्रोल, रक्तचाप, मधुमेहजस्ता समस्या भएका व्यक्तिले नियमित स्वास्थ्य परीक्षण गरौं,

**आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।**

नेपाल सरकार
विज्ञापन बोर्ड

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित प्रधान सम्पादक : बृजकुमार यादव, ठेगाना : जनकपुरधाम, फोन नं. ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८